# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन

# २०७८

## मनरा शिसवा नगरपालिका

## महोत्तरी




महालेखापरिक्षकको कार्यालय

काठमाडौं, नेपाल

## *Serving the Nation and the People*

### दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

### गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

### मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

**(प्रदेश नं १ र प्रदेश न २ लेखापरीक्षण महानिर्देशनालय)**


पत्र संख्याः२०७८।७९

च. नं. १००

मितिः २०७८/५/४

बिषयः लेखापरीक्षण प्रतिबेदन ।

श्री प्रमुखज्यु
मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, महोत्तरी ।

नेपालको संबिधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक बर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिबेदन जारी गरीएको छ । उक्त प्रतिबेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

..........................
(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्नसक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरेको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

पत्र संख्याः २०७८।७९
च.नं.: ६१ मितिः२०७८।५।४

श्री प्रमुखज्यू,
मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, महोत्तरी ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले मनराशिसवा नगरपालिका आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय ब्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय ब्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु २२ करोड २९ लाख ३० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ४ करोड ६५लाख ६६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु६ करोड ७७ लाख नियमित गर्नुपर्ने रु.७ करोड ९३ लाख ९४ हजार पेश्की बाँकी रु २ करोड ९२ लाख७० हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१०।१९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ७१ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकी नहुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तिय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका

छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तिय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तिय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तिय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तिय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तिय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तिय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तिय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

..........................
(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

# मनरा शिसवा नगरपालिका, महोत्तरी

## लेखापरीक्षण प्रर्तवेदन

## २०७६।७७

### संचित कोषको आय-व्यय विवरण

| आय तर्फ | | | ब्यय तर्फ | | |
|---|---|---|---|---|---|
| सि न | बिबरण | रकम | सि न | बिबरण | रकम |
| 1 | **गत बर्षको जिम्मेवारी** | **१६८१५७२१४.०००** | 1 | चालु खर्च | **१४२०३८९४७.०००** |
| | नगद | ० | | क)संघिय सशर्त अनुदान | १४७५८९४७ |
| | बैक | १६४९७१४४६ | | **ख**) प्रदेश वितिय समानिकरण | ० |
| | ग) धरौटी बैंक | ३१८५७६८ | | ग) राजस्व वाडफाड | ६३९०४००० |
| 2 | संघीय वित्तिय हस्तान्तरण | **३५२८६८०००** | | घ) आन्तरिक श्रोत | ६३३७६००० |
| | बित्तिय समानिकरण अनुदान | १४५०००००० | 2 | पुँजीगत खर्च | **२०९६२५४९८.०००** |
| | शशर्त अनुदान | १९+५३६८००० | | क)संघिय वितिय समानिकरण | ८२८९२००० |
| | विशेष अनुदान | १२५००००० | | | ० |
| 3 | **प्रदेश सरकार प्राप्त अनुदान** | **२४५९००००** | | ख)प्रदेश वितिय समानिकरण अनुदान | ३७६४७१० |
| | बित्तिय समानिकरण अनुदान | ७५९०००० | | ग) राजस्व वाडफाड | २३३०९४४९ |
| | शशर्त अनुदान | १००००००० | | **घ**)आन्तरिक श्रोत | ९६५२३२९५ |
| | बिशेष अनुदान | ३०००००० | | बिशेष अनुदान | ३१३६०४४ |
| | समपुरक अनुदान | ४०००००० | | समपुरक अनुदान | ० |
| 4 | विषयगत निकासा रकम | **११५८९४८५०** | 3 | **शशर्त अनुदान** | **१७६५९५४१२** |
| | समाजिक सुरक्षा | १०६५८२८०० | | सङघिय शशर्त अनुदान | १६७६५१००० |
| | स्थानीय पूर्वाधार विकास कार्यक्रम | ७८५५७३३ | | प्रदेश शशर्त अनुदान | ८९४४४१२ |
| | झोलुङगे पुल क्षेत्रगत कार्यक्रम | १५९१७६३ | 4 | **बिषयगत निकायको खर्च** | **११५८९४८५०** |
| | राष्ट्रिय परिचयपत्र तथा पञ्चिकरण | ९६६०१७ | | सामाजिक सुरक्षा | १०६५८२८०० |
| | बहुक्षेत्रिय पोषण | ४९०३०० | | स्थानीय पूर्वाधार विकास कार्यक्रम | ७८५५७३३ |
| 5 | आन्तरिक आय | **६५९०६०००** | | औषधि यपचार | ० |
| | आन्तरिक राजस्व | ३८२६००० | | राष्ट्रिय परिचयपत्र तथा पञ्चिकरण | ९६६०१७ |
| | राजस्व बाँडफाँड | ६२०८०००० | | बहुक्षेत्रिय पोषण | ४९०३०० |
| | राजस्व प्रदेश | ० | | झोलुङगे पुल क्षेत्रगत कार्यक्रम | १५९१७६३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | **विविधकोषको आय** | **४०३१०००** | **५** | **विभिन्न कोषगत खर्च रकम** | ३११५२२८७ |
| | सुचना प्रविधि अधिकृत तलब | ० | | धरौटी फिर्ता | २२७४१६२ |
| | युनिसेफ कार्यक्रम | ९७१००० | | युनिसेफ वास कार्यक्रम | ७४१०१० |
| | बेटी पढाउ बेटी बजाउ कार्यक्रम | ५०००० | | बेटी पढाउ बेटी बचाउ | ५०००० |
| | सडक बोर्ड | २३८०००० | | महिला स्वयमसेविका पोशाक भता | ६३०००० |
| | महिला संवमसेविकाहरुको पोशाक भता | ६३०००० | | सडक बोर्ड | २३८०००० |
| ७ | **धरौटी प्राप्ति** | **३८३४३३६** | | प्रकोप व्यवस्थापन कोष | २५०७७११५ |
| ८ | **बिभिन्न कोष आम्दानी** | **२५०८००००** | **६** | **मौज्दात** | ८५०५४४०६ |
| | बिपद व्यबस्थापन कोष | ० | **७** | **बाँकी मौज्दात नगद बैंक** | ८००७५५२९ |
| | प्रदेश कोरोना कोष | १५००००० | | श्रेस्ता अनुसार बाँकी आन्तरिक श्रोत | ० |
| | सङघिय कोरोना कोष | ० | | धरौटी बाँकी | ४७४६००२ |
| | स्थानीय तह सामानीकरणबाट ट्रान्सफर | २३५८००००० | | युनिसेफ वास कार्यक्रम | २२९९९० |
| | | | | बेटी पढाउ बेटी बचाउ | ० |
| | | | | प्रकोप व्यवस्थापन कोष | २८८५ |
| | **जम्मा** | ७६०३६१४००.००० | | **जम्मा** | ७६०३६१४००.००० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १ | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस | |

<table>
<tr><td></td><td>नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । २ नं. प्रदेशमा अवस्थित यस नगरपालिका अन्तगत १० वडा रहेका छन् । ४९.७३ व.कि.मी.क्षेत्रफल ओगटेको यस नगरपालिकाको जनसंख्या ४९६९२ रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td>महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना, २०७७ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी नगरपालिकाको आर्थिक बर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार छन ।</td><td></td></tr>
<tr><td>३</td><td>असुली स्थितीः लेखापरीक्षणको क्रममा औल्याएका निम्नानुसार वडागत राजश्व र सामाजिक सुरक्षा वितरणको बिल भरपाई परीक्षण गर्दा देखिएको बेरुजु रु.३८००९५० असुलउपर भई नगरपालिकाको संचितकोष र संघीय संचीत कोषमा दाखिला भएको छ । असुली रकम निम्नुसारका छः
<table>
<tr><td>वडा नं</td><td>नाम र पद</td><td>असुली रकम</td></tr>
<tr><td>७.</td><td>वडा सचिव रामहित साह</td><td>२०३५८००</td></tr>
<tr><td>६.</td><td>वडा सचिव रामकृपाल महतो</td><td>१७५१०००</td></tr>
<tr><td>८.</td><td>मणिकान्त लाल कर्ण</td><td>११७५०</td></tr>
<tr><td></td><td>दिनेश कुमार साह</td><td>२४००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३८००९५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४</td><td>बित्तिय बिबरण र संचित कोष हिसाव – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्</td><td></td></tr>
<tr><td>४.१</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।</td><td></td></tr>
<tr><td>४.२</td><td>सुत्रको प्रयोगः नगरपालिकाहरुलाई Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्ने निर्देशन भए अनुसार यस आर्थिक बर्षमा लागु गरेको भएतापनि विषयगत मन्त्रालयबाट प्राप्त बजेट सुत्रमा प्रविष्ट नगरेको, गत वर्षको मौज्दात रकम अ.ल्या. नभिडेको, स्रोतगत अनुमान बजेट सुत्रमा प्रविष्ट गरेकोमा अन्तिम बजेट सोही मानेको हुँदा मौज्दात रकम घटी/बढि देखिएको र कार्यालयले सुत्रबाट गोश्वारा भौचर मात्र उतार गरी अन्य विवरण प्रविष्ट नगरेको कारणले म.ले.प.फा.नं.२७५ र २७२ भिडान नभएको अवस्था छ । डाटा प्रविष्ट गरी वार्षिक प्राप्ती तथा भुक्तानीको हिसाव मिलान गर्नुपर्दछ ।पालिकाले सबै कारोबार सुत्रको सफ्टवयरमा प्रबिष्टी नगर्दा निम्नानुसार मौज्दात जिम्मेवारी र आम्दानी खर्चमा फरक फरक देखिएको छ ।
<table>
<tr><td>शिर्षक</td><td>म ले प फा नं २७२अनुसार रु हजारमा</td><td>एकिकृत आ बि अनुसार रु हजारमा</td><td>फरक रुहजारमा</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| यस बर्षको प्राप्ति | ७५९५८७ | ४४३३६५ | ३१६२२२ |
| धरौटी जिम्मेवारी | ० | ३१८६ | ३१८६ |
| धरौटी आम्दानी | ० | ३८३४ | ३८३४ |
| धरौटी मौज्दात | ० | ४७४६ | ४७४६ |
| अनुदान राजश्व बाडफाड आन्तरिक स्रोत र कोष समेतको अन्तिम मौज्दात | २४४०४७ | ८०३११ | १६३७३६ |
| बैंक तथा नगद बाकी | ५७१२९ | ८५०५७ | २७९२८ |

४.३ **बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक र बार्षिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा गरेको छैन ।चेक साट्न बाकीको बिबरण तयार नगरि स्थानीय तहले खाता सञ्चालन गर्दा देहायबमोजिमको मैज्दात फरक पर्न गएको छ । कार्यालयले चालु र पुजिगत खर्च खातामा रहेको मौज्दात सन्चित कोष खातामा ट्रान्सफर गरी खर्चखाता शुन्य बनाउनु पर्नेमा सो समेत गरेको देखिएन ।

| सि.नं. | खाताको नाम | बैंक स्टेटमेण्ट अनुसार बाँकी | चेक साट्ने अवधि सकीएपछिको मौज्दात |
|---|---|---|---|
| १ | स्थानीय सन्चित कोष खाता | ६४६७०४२४ | ४२०७२३१३<br>अगस्ट १९ |
| २ | चालु खर्च खाता | २५९७७६७५ | ६३६६३३९<br>अगस्ट १३ |
| ३ | पुँजिगत खर्च खाता | ७५१३१८६३ | ३३०७४२६५ |

| | | | |
|---|---|---|---|
| | | | अगस्ट १३ |
| ४ | धरौटी खाता | २२६४९१५ | ५००५००२ जुलाइ २६ |
| ५ | बाँडफाँड बाट प्राप्त खाता | ४६५८८०९ | ४६५८८०९ |
| ६ | प्रकोप ब्यबस्थापन कोष खाता | ९१२५९१ | ९१२५९१ अगस्ट २० |
| ७ | बिबिध कोष खाता | ७६६८४० | २०४१५९ अगस्ट १३ |
| ८ | बिभाज्य कोष खाता | ६३७३३५० | ६३७३३५० |
| | जम्मा | १८०७५६४६७ | ९८६६६८२८ |

उपरोक्तानुसार आर्थिक बर्षको अन्त्यमा स्रेस्ताको मौज्दात रु ८५०५४४०६ रहेकोमा चेक साट्ने अवधि सकिएपछिको बैंक मौज्दात रु ९८६६६८२८। देखिएकोमा पालिकाले चेक साट्ने बाँकीको विवरण र बैंक सामायोजन प्रमाण पेश गरेको छैन । आर्थिक वर्षको अन्त्यमा श्रेस्ता अनुसार रु ८५०५४४०६। र बैंक मौज्दात रु १८०७५६४६७। देखाएकोले बैंक बढी रु ९५७०२०६१। को सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरी स्रेस्तामा हिसाव मिलान गर्नु पर्दछ ।

४.४ **लेखांकनः** कार्यालयले नेपाल सरकारको नया स्रेस्ता प्रणाली अनुसारकुनै पनि कारोबारको डेबिट र क्रेडिट अनिबार्य लेखांकन गर्नुपर्नेमा योजनाको भुक्तानी गर्दा कन्टिन्जेन्सी बापत कट्टी गरी राखेको क्रेडिट रकम सबै डेबिट नगरी आबस्यकता अनुसार कन्टिन्जेन्सी बाट खर्च गर्दा मात्र डेबिट लेखांकन गरेको र क्रेडिट गरेको रकम डेबिट गरी छुट्टै कन्टिन्जेन्सी खातामा आम्दानी र खर्च गरेको स्रेस्ता लेखापरिक्षणमा पेश नभएबाट पालिकाले आर्थिक बिबरणमा देखाएको खर्चले यथार्थ चित्रण नगर्ने हुदा खर्च देखाएको रकम बास्तबिक खर्च हो भनी बिस्वस्त हुन सकिएन ।

४.५ १४ जुलाई २०२० मा प्रकोप ब्यबस्थापन कोषको लक्ष्मी बैंक खाता नम्बर ०८४०३००००३८ मा रु ८१४६२५ आम्दानी भएकोमा उक्त आयको स्रोत नखुलेकोले स्रेस्तामा आम्दानी बाँधेको छैन । उक्त रकमको स्रोत एकिन गरी आम्दानी बाध्नु पर्ने रु ८१४६२५

४.६ राजश्व बाँडफाँड बाट नगरपालिकाले यस वर्ष संघिय सरकार तर्फ रु.६२०८०७६५।- प्राप्त गरेको छ । उक्त प्राप्त रकम मध्ये संघिय सरकार तर्फ रु. ८७२१३४४९ ।- खर्च गरी निकासा भन्दा बढी खर्च रु २५१३२६८५ गत बर्षको मौज्दातबाट सोधभर्ना गरेको छ ।प्रदेश सरकारबाट यस बर्ष राजस्व बाडफाड बापत कुनै रकम प्राप्त गरेको देखिएन ।

- **अनुदान प्राप्ति, वितरण र फिर्ता**

**५** **अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु ४४१३५८५१

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | १९५३६८००० | १६७६५१६९३ | २७७१६३०७ |
| | विषेश | १२५००००० | ३१३६०४४ | ९३६३९५६ |
| | समपुरक | ० | ० | ० |
| | अन्य | ० | ० | ० |
| **प्रदेश सरकार** | शसर्त | १०००००००० | ९९४४१२ | ५५५८८ |
| | विषेश | ३०००००० | ० | ३०००००० |
| | समपुरक | ४०००००० | ० | ४०००००० |
| | अन्य | ० | ० | ० |
| | जम्मा | २२४८६८००० | १८०७३२१४९ | ४४१३५८५१ |

६ **काम, कर्तव्य र अधिकार** - स्थानीय तहको अधिकारको (संविधानको अनुसूची-८ मा) उल्लेख छ । स्थानीय तहको अधिकारमा नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय स्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई, जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण, कृषि तथा पशुपालन, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन लगायत २२ प्रकारका अधिकार उल्लेख छ ।

सो बाहेक स्थानीय तहले संघ तथा प्रदेशसंगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा समेत उल्लेख छ । संघ वा प्रदेशले संविधान तथा प्रचलित कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय पालिकालाई कानून बनाई निक्षेपण गर्न सक्ने व्यवस्था छ । यस पालिकालाई मात्र संघ वा प्रदेशबाट छुट्टै कानूनको निक्षेपण भएको अवस्था देखिदैन ।

७ **भ्रमण अभिलेख र आन्तरीक नियन्त्रणः**भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने कर्मचारीको अनुसुचि-६ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्ने र खटाउने पदाधिकारीले विश्वसनिय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्थापन समेत गर्नु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष अनुगमन मूल्याँकन शिषर्क बाट रु. ९२३९५०।- खर्च र भ्रमण खर्चबाट रु.२२१८५०।-खर्च गरेकोमा नियमावली अनुसार उद्देश्य र काम प्रयोजन नखुलाएको तथा भ्रमण पश्चात प्रतिवेदन पेश नगरेको अवस्थामा सरकारी काम उल्लेख गरी जलेश्वर जनकपुर गएको भनी एकै व्यक्तिको पटक पटकको भ्रमण खर्च लेखेको देखिएकोले काम वेगर भ्रमण खर्च भएकोले मितव्ययीता र आन्तरिक नियन्त्रणमा सुधार गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

८ **योजनाः** योजना बाँडफाँड गर्दा ठुला योजनालाई प्राथमिकीकरण गरेको देखिएन ।यस बर्ष नगरस्तरिय ५८ वटा वडास्तरिय १६१वटा गरि २१९ वटा योजना रहेका छन । वडामा योजना वनाई रकमको वर्गिकरण तथा वितरण र सोको कार्य सम्पादन गर्न कठिनाई हुन जाने देखिँदा ठुला पूर्वाधारजन्य योजना छनौट गरिनू आवश्यक देखिन्छ ।

९ **गत आ.वा.को भुक्तानीः** आर्थिक कार्यबिधि नियमावलि २०६४ को नियम ४० मा चालु बर्षको बजेटले नखाम्नेगरी बढि बजेट खर्च हुने गरी दायित्व सृजना गर्न हुदैन ।तर बिशेष कारण एवं परिस्थितिबस नियमको उपनियम ८ मा उल्लेखित खर्च शिर्षकहरुमा चालु बर्षको बजेटले नखामेको खर्च बेहोर्नुपर्ने भएमा बिल भर्पाइ बमोजिमको रकम आगामि बर्षमा भुक्तानी दिनपर्ने कारण खोलि महालेखापरिक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाकिको कच्चाबारीमा चढाइ श्रावण १५ गते भित्र प्रमाणित गराइ त्यस्तो भुक्तानी दिन बाकीको कच्चाबारी महालेखापरिक्षकको कार्यालयमा समेत पठाउनु पर्ने ब्यबस्था छ नगरपालिकाले यस बर्ष दायित्व

| | | |
|---|---|---|
| | सृजना भएको बिलभर्पाइ र भुक्तानी दिनबाँकीको प्रमाणित कच्चाबारी बेगरआर्थिक बर्ष २०७५।७६ मा सन्चालन भइ सम्पन्न भइसकेको योजनाहरुको रकम भुक्तानी दिने भनी ११६ वटा योजनाको रु ७२४३८००० तथा रकम नखुलाइ २०७५।७६ का २० वटा योजनाको प्राबिधिकको मुल्यांकन अनुसार मर्मत सम्भारको भुक्तानी दिने भनि मिति २०७६ भाद्र १७ गतेको २०७६।७७ को नगरसभाले निर्णय गरी यस बर्ष केहि योजनामा बिगत बर्षका र अधिकांस योजनामा २०७६।७७ का बिलभरपाइ राखी भुक्तानी गरेको देखियो।यसरी गत बर्ष छनौट भएका याजनाहरु समयमा नै सम्पन्न गरी भुक्तानी दिनुपर्नेमा खर्च भइ दायित्व नै सृजना नभएका योजना तथा रकमनै नखुलाइ प्राबिधिकको मुल्यांकन भए अनुसार भुक्तानी गर्ने भनि योजनानै भुक्तानी दिन बाकीमा जिम्मेबारी सारेको र ति योजना मध्ये सबै योजना सम्पन्न नभएको पालिकाले जनाएको छ।कतिको कार्य सम्पन्न भयो र कति बाकी पुनः२०७७।७८ मा सरे सोको प्रगति बिबरण पेश नभएबाट एउटै योजनाको दोहोरो भुक्तानी भए नभएको एकिन गर्न सकिएन । | |
| १० | **सेवा प्रबाहको स्थतिः** सेवा प्रबाहलाइ चुस्त दुरुस्त एबं प्रभावकारी बनाउन पालीकाले प्रयास ध्यान दिनु पर्दछ।यस बर्ष पालिकाले पन्जिकरण तर्फ मृत्यु दर्ता बिबाह बसाइ सराइ आएकव गएको कति छ सोको तथ्यांक एबं अपांग परिचयपत्र जेष्ठ नागरिक परिचयपत्र लगायतका सेवा प्रबाहको तथ्यांक बिबरण माग गरेकोमा लेखापरीक्षणमा पेश नभएकोले बिश्लेषण गर्न सकिएन ।सेवा प्रबाह सम्बन्धी सबै तथ्यांक एकिकृत गरी भौतिक प्रगति बिबरण अद्यावधिक गर्नु पर्दछ । | |
| ११ | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको नगर प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा नगर प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा गाउँपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १२ | **अनुगमन तथा सुपरिवेक्षणः** स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्यांकन योजनासमेत तयार गर्नुपर्ने र नगरपालिकाबाट संचालन भएका योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले योजनाबद्ध रुपमा संचालित योजना अनुगमन तथा सुपरिवेक्षण कार्यान्वयन गरेको देखिएन । केहि योजनामा नगर प्रमुख र उप प्रमुख तथा सम्बन्धित वार्ड अध्यक्ष र सदस्यले अनुगमन गरेको भएपनि ,केहि योजनामा नगर प्रमुख र सम्बन्धित वार्ड अध्यक्ष र सदस्यले वाहेक अधिकांश योजना वार्ड अध्यक्ष, वार्ड सदस्यले मात्र तथा कर्मचारी,प्राविधिकले मात्र अनुगमन गरेको देखिएको छ । प्रस्तुत अनुमगन प्रतिवेदनमा आर्थिक अवस्था र काम सम्पन्न भएको व्यहोरा उल्लेख गर्ने गरेको छ । काम नभएका र सुधार गर्नुपर्ने व्यहोरा उल्लेख गर्ने गरेको देखिएन । यसरी योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण कार्य ऐनले निर्दिष्ट गरेबमोजिम जिम्मेवार पदाधिकारीबाट नगराउँदा र प्राविधिक पक्षको कमि कमजोरी नऔंल्याउँदा साधनस्रोतको अधिकत्तम उपयोग, सेवा प्रवाह तथा कामको गुणस्तर प्रभावकारी हुन नसक्ने तर्फ जिम्मेवार पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १३ | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाजा खाना तथा अन्य विविधतर्फ मात्र रु ४८६६५८९खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १४ | **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार | |

कृषकलाइ र शत प्रतिशत अनुदानमा रु १६३७८४० खर्च लेखेकेमा पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| सि नं | बिबरण | खर्च रकम |
|---|---|---|
| १ | आपको बोट बिरुवा खरिद | ९९८००० |
| २ | तरकारी बिउ बिजन खरिद | १५०००० |
| ३ | गहुको बिउ खरिद | ४८९८४० |
| | जम्मा | १६३७८४० |

१५ **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु५०३४३१५ का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँधने नगरेको,

औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१६ **सवारी साधन खरिद** ःः- अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । यो वर्ष नगरपालीकाले जिप २ WD थान १ बोलपत्रबाट खरिद गरी रु. ५७७०००० र ४ वटा मोटरसाइकल खरीदमा रु १०८३३०० गरी कुल रु ६८५३३०० खर्च लेखेको छ । सवारी साधनको खर्च नगरपालिकाको आफ्नो आयश्रोत नरहेको अवस्थामा समानीकरणको अनुदानबाट भुक्तानी हुँदा अनुदान खर्चमा भार परेको देखिन्छ । अनुदानमा भार नपर्ने गरी खर्च गर्नु पर्नेमा सो नहुँदा अन्य सार्वजनिक निर्माणमा असर परेको छ ।

१७ **वातावरणीय प्रभावः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा पालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । पालिकाले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, ढल निर्माणको एकीकृत बहु वर्षे योजना र प्रगति पेस भएन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई बातावरण संरक्षणको

| | | |
|---|---|---|
| | दीर्घकालिन योजना तयार गरी कार्यक्रम संचालन गरिनुपर्दछ । शीर्षक अनुसारको वजेटमा प्रयाप्त ध्यान दिएको देखिएन। | |
| १८ | **मौजुदा सूची तयारः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ६(क) बमोजिम प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा (६) दफा ४१ को उपदफा (१) को खण्ड (क) र दफा ४६ बमोजिम गरिने खरिदको लागि खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १०(२) बमोजिमको योग्यताको आधारमा छुट्टाछुट्टै सूची तयार गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले त्यसरी मौजुदा सूची तयार गरेको छैन । यसले गर्दा कार्य विशिष्टीकरणको आधारमा खरिद प्रक्रिया नहुने तथा उपयुक्त योग्यता र क्षमता नभएकाबाट समेत सेवा प्राप्त गर्दा गुणस्तरीय सेवा प्रवाह नहुने देखिन्छ । तसर्थ कानूनको पालनामा कार्यालयले ध्यान दिनु पर्दछ । | |
| १९ | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले आन्तरीक लेखापरीक्षण शाखा गठन गरी २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन ।आन्तरीक लेखापरीक्षणमा पाँचौ तहको कर्मचारी नया नियुक्ति भइ कार्यालयमा हाजिर भएता पनि लेखापरीक्षण गर्ने जिम्बेवारी दिएको देखिएन । यस बर्ष अन्तर सरकारी अख्तियारी तर्फ बहुक्षेत्रिय पोषण कार्यक्रम, स्थानिय पुर्वाधार बिकास कार्यक्रम,र राष्ट्रिय परिचय पत्र तथा पन्जिकरण कार्यक्रमको मात्र कोष तथा लेखा नियन्त्रक कार्यलयबाट आन्तरीक लेखा परीक्षण गराएको देखियो । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २० | **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ऐनमा व्यवस्था भए बमोजिम आर्थिक बर्ष २०७६।७७ को आय व्ययको विवरण २०७६।५।१७मा पेश गरी सभावाट स्वीकृत भएको देखियो । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण एकैसाथ पेश गर्नु पर्नेमा गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान बजेट साथ पेश गरेको छैन । नगर सभावाट वजेट स्वीकृत भई प्रमुख प्रशासकीय अधिकृत लाई २०७६।५।२५मा खर्च गर्ने अख्तियारी दिएको देखियो । कानुनले तोकेको समय र ढाँचामा आय र ब्ययको अनुमान पेश गरी पारीत गर्ने र अख्तियारी दिने तर्फ ध्यान दिई पारीत गराउने व्यवस्थालाई कार्यान्वयन गर्नुपर्दछ । | |
| २१ | **मध्यकालीन खर्च संरचना** ःअन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले आर्थिक वर्षमा आ–आफनो कार्यक्षेत्र भित्रका बिषयहरुमा सार्वजनिक खर्चको अनुमानित बिवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालीन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले सार्वजनिक खर्च व्यवस्थापन प्रभावकारी बनाउन यस्तो विधि कार्यान्वयनमा ल्याएको छैन। सीमित श्रोत साधन लाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रबाह गर्न, लोकप्रियताकालागि वितरणमूखी र बजेट छर्ने प्रबृत्तिमा नियन्त्रण गर्न र योजनाको लाभ लागत बिश्लेषण गरी प्रभावकारी बनाउन मध्यकालीन खर्च सँरचनालाई कार्यन्वयन गर्ने ध्यान दिनु पर्दछ । | |
| २२ | **खरिद योजनाः** सार्वजनिक खरिद नियमावली २०६४, को नियम ८ मा बार्षिक १० लाख भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले बार्षिक खरिद योजना तयार नगरी पटक पटक गरी सोझै खरिद गर्ने गरेकोले खरिद कार्य मितव्ययी , पारदर्शी र नियमसम्मत छ भनी बिश्वस्त हुन सकिएन । ऐन नियम बमोजिम सोझै खरिद गर्ने | |

| | | |
|---|---|---|
| | ,शिलबन्दी दरभाउपत्रबाट खरिद गर्ने र बालेपत्रको माध्यमबाट खरिदगर्ने रकम र समय सिमा निर्धारण गरी नियमसम्मत र पारदर्शीरुपमा खरिद गर्न ध्यान दिनुपर्दछ । | |
| २३ | **आन्तरिक नियन्त्रण प्रणाली**: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम प्रत्येक बर्ष आषाढ १० गते भित्र बजेट पेश गर्नुपर्नेमा यस पालिकाले २०७६।५।१७ मा मात्र बजेट पेश गरेको छ ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् चेक साट्ने अवधि समाप्त भएपछि मात्र चालु खर्च खातामा रु ५०९०२०४ पुजीगत खर्च खातामा रु १५९८०२२१ र विभाज्यकोषमा रु ६३७३३५० समेत गरी रु २७४४३७७५ मौज्दात स्थानिय सन्चित कोषमा ट्रान्सफर गरेको पाईयो ।ऐनले तोकेको समयमानै ट्रान्सफर गर्नु पर्दछ ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन<br>• जिन्सी निरिक्षण गराइ प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा जिन्सी निरिक्षण गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी | |

सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई इ टीडिएस  समेत गरेको पाइएन।

- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ १५ र प्रशासनिकतर्फ ३४ समेत  ४९ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः ७ र  ११ समेत  १८ पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- कन्टिन्जेन्सी खर्चको बर्क स्टाफ चार्जमा १.५ प्रतिशत र अन्य सानातिना कार्यमा १.५ प्रतिशत अनुपात मिलाई खर्च गर्नु पर्नेमा सो अनुसार नगरेको साथै खर्च छुट्टीने गरी अभिलेख रजिष्टर नराखेको,
- निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको छैन
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।
- स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा निर्धारित कार्यक्रममा खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये ७२ प्रतिशतनै तेश्रो चौमासिकमा खर्च गरेको,

| | | |
|---|---|---|
| | • वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार नगरेको,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>• सार्वजनिक निर्माण कार्यहरुको अधिकांश लागत अनुमान स्वीकृति निर्माण कार्यको बिल कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गर्ने नगरेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ४ ऐन, ४ नियमावली, २३ कार्यविधि ३निर्देशिका २ मापदन्ड १ कार्ययोजना १ आचारसम्हिता समेत ३८ कानुन एवं कार्यविधि निर्देशिका र मापदन्ड निर्माण गरी स्वीकृत गरेकोमा सबै कार्यान्यिनमा ल्याएको नदेखिएकोले कार्यान्वियनमा ल्याउन सम्बन्धित निकायको ध्यानाकार्षण हुन जरुरी देखिएको छ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २४ | **जिन्सी अभिलेख** ः आर्थिक कार्यविधि नियमाबली, २०६४ को नियम ४७ मा खरिद गरी वा नगरी, हस्तान्तरण भई वा बस्तुगत सहायतामा प्राप्त मालसामान ७ दिन भित्र मूल्य र स्पेशिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अधावधिक गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको साविक गा.वि.स. र बिषयगत शाखाको सम्पूर्ण चल, अचल सम्पति र जिन्सी अभिलेख प्राप्त गरी नगरपालिकाको जिन्सी तथा सम्पत्ति रजिष्टरमा अभिलेख नराखेको, नगरपालिकाले वडा कार्यालयले खरिद गरेको मालसामान को जिन्सी दाखिला नगरेको कारण नगरपालिका अन्तर्गत के कति सम्पत्ति र दायित्व रहेको छ यकिन गर्ने आधार भएन ।नगरपालीकाले आर्थिक बर्षमा कम्तिमा एक पटक जिन्सी निरिक्षण गरी गराइ प्रतिबेदन लिइ प्रतिबेदनमा औल्याएका ब्यहोरा उपर कारबाही गरी जिन्सी स्रेस्ता अध्यावधिक गरी राख्नु पर्नेमा सो अनुसार गरेको देखिएन । नगरपालिकाको स्वामित्वमा रहेको भवन , जग्गा , सवारी साधन , कम्पयूटर, ल्यापटप, प्रिन्टर, मोवाईल सेट, फर्निचर लगायत खप्ने तथा नखप्ने मालसामान सम्बन्धमा हिनामिना ,दुरुपयोग तथा अपचलन हुनबाट संरक्षण गर्न छानबीन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरी पेश गर्नु पर्दछ । | |
| २५ | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** ःस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको नगर प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा नगर प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २६ | **पदाधिकारी सुविधा** -प्रदेश नं २ अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५(पहिलो संशोधन समेत) को दफा ८ अनुसार सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारीमा निर्वाचित वा मनोनयन भएमा निवृत्तभरण वा यस ऐन बमोजिमको मासिक सुविधा मध्ये एउटा मात्र पाउने व्यवस्था छ । पदाधिकारीहरुबाट यस प्रकारको सुविधा लिए नलिएको स्वघोषणा संलग्न गरेको पाईएन यस बर्ष पदाधिकारीलाइ असोज सम्म ३ महिनाको रु २०५९२२१ पारिश्रमिक खर्च भुक्तानी गरेको छ । | |

२७

**अमानतबाट काम गराएकोः** सार्वजनिक खरिद नियमाबली,२०६४ को नियम९८(१)मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तहमाथिको अधिकारीको स्वीकृति लिनुपर्ने र नियम९८(३)मा अमानतबाट निर्माण कार्य गर्नुपरेमा एक लाख रुपैयामा नबढाई खण्डखण्ड गरी बार्ताबाट गराउन वा निर्माण सामाग्री उपलव्ध गराई ज्यालामा गराउनु पर्ने व्यवस्था छ। कार्यालयले निम्नानुसार एउटै कर्मचारीलाई पटकपटक व्यक्तिहरुबाट रु१लाख भन्दा बढी को निर्माण कार्यहरु अमानतबाट गराएको र एक तहमाथिको स्वीकृति लिएको देखिएन। कर्मचारीलाई पटकपटक नियमको सीमाभन्दा बढी रकमको काम तोकी अमानतबाट **कार्य** गराएको नियमसम्मत नभएकोले यसप्रकारको कार्यमा नियमन्त्रण गर्नु पर्ने रु

| गो भौ नं | काम गरेको व्यक्ति | विवरण | रकम |
|---|---|---|---|
| ३३५-०७७।३।३१ | वडा सचिव उमेश कुमार पाण्डेय | वडा नं१० रामराज मण्डलको घर देखि कैलाश ठाकुरको घर सम्म माटो ग्राभेल | ७५००० |
| ३३३-०७७।३।३१ | वडा सचिव उमेश कुमार पाण्डेय | वडा नं १० राजेश झाको घर देखि ब्रहम स्थान हुदै राम अवतार मण्डलको घरसम्म माटो ग्राभेल | १००००० |
| ३३२-०७७।३।३१ | वडा सचिव उमेश कुमार पाण्डेय | वडा नं१० बिभिषण ओझाको घर देखि विपिन रायको घरसम्म माटो ग्राभेल कार्य | ७५००० |
| १०७-०७६।१०।२६ | वडा सचिव उमेश कुमार पाण्डेय | वडा नं १० उपेन्द्र साहको घर देखि सदान्द झाको घरसम्म माटो ग्राभेल | ८०००० |
| १०८-०७६।१०।२६ | वडा सचिव उमेश कुमार पाण्डेय | वडा नं१० अमरनाथ झाको जग्गा देखि सरकारी विद्यालयसम्म माटो ग्राभेल | ६०००० |
| गो भौ मिति | पेश्की लानेको नाम | बिबरण | रकम |
|---|---|---|---|
| ३-२०७६।६।१५ | मोहन प्रसाद यादव | कार्यक्रम खर्च | १६२००० |
| ९८-२०७६।८।५ | नेपाल रेडक्रस सोसाइटी काँढा शाखा | रेडक्रस सम्बन्ध कार्यक्रम | ३००००० |
| जम्मा | | | ४६२००० |

४० **पदाधिकारी सुविधा र प्रशासनिक खर्च** ः स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन,२०७५ मा मासिक सुविधा पाउने पदाधिकारीलाई बैठक भत्ता र वडा अध्यक्षलाई संचार सुविधा दिने व्यवस्था भएको देखिदैन । प्रमुख र उप प्रमुखलाई मात्र मासिक संचार सुविधा रु.१५००।- मा नबढ्ने गरि दिने व्यवस्था भएकोमा अभिलेख राखेको देखिएन । पदाधिकारी इन्धन र संचार तथा वडा कार्यालयको प्रशासनिक खर्च सभाले तोके बमोजिम विधि र प्रक्रिया बमोजिम खर्च गर्ने व्यवस्था छ । पालिकाले सवै वडामा मसलन्द, संचार पत्रपत्रिका, इन्धन, विविध, सवारी साधन, मेशिनरी, मर्मत, पानी विजुली सरसफाई र बैठक भत्ताका लागी वार्षिक रु. ५२२०००।- का दरले वजेट बाँडफाड गरि वडा सचिवबाट खर्चका एकमूष्ट विल भरपाई लिई सोधभर्ना दिने गरेको देखियो । वडा कार्यालयबाट कार्यालय सामाग्री र मसलन्द लगायतका खरिद गर्दा खरिद आदेश, माग फाराम र जिन्सी दाखिला नगरी एकमूष्ट खरिद गरेको देखिन्छ । वडा कार्यालयमा खर्चको अख्तियारी नभएको अबस्थामा सम्वन्धित पार्टीलाई सोझै भूक्तानी नगरी वडा सचिवलाई सोधभर्ना दिई गरेको खर्च मितब्ययी र नियम सम्मत नदेखिएको रु १८६६७६३

| वडा नं. | गो.भा.नं. | खर्च विवरण | रकम |
|---|---|---|---|
| १ | २०३-०७६।१०।२६ | श्रावण-माघसम्मको प्रशासनीक खर्च | १६४२८० |
| २ | २०४-०७६।१०।२६ | श्रावण- कार्तिकसम्मको प्रशासनीक खर्च | १५८५१३ |
| ३ | २७०-०७७।१।२३ | श्रावण-चैत्रसम्म प्रशासनीक खर्च | २५०९९६ |

| | | | |
|---|---|---|---|
| ४ | २०५-०७६।१०।२६ | श्रावण-पुषसम्मको प्रशासनीक खर्च | १७५६९८ |
| ५ | २१९-०७६।११।११ | श्रावण-माघको प्रशासनीक खर्च | १७३१५९ |
| ५ | २९१-०७७।२।२५ | विविध खर्च | ३३८८० |
| ५ | १२९-०७६।८।२४ | उमेश कुमार रायलाई गत आ.व.को प्रशासनीक खर्च | ४६६२० |
| ६ | १९८-०७६।१०।२६ | पुषसम्मको खर्च रामकृपाल महत्तो | १९७५५४ |
| ७ | २०६-०७६।१०।२६ | श्रावण-मंसिरको प्रशासनीक खर्च | १२१५८० |
| ८ | २१२-०७६।११।६ | श्रावण-मंसिरको प्रशासनीक खर्च | १२००७० |
| ८ | ७५-०७६।७।८ | गत आ.व. भुक्तानी | १६३९२७ |
| ९ | २६९-०७७।१।२३ | गत आ.व. र यस आ.व.को कार्तिक सम्म प्रशासनीक खर्च | १९५२९३ |
| १० | २७१-०७७।१।२३ | मंसिर-फाल्गुन | ११५१२० |
| १० | २७-०७६।६।३० | उमेश कुमार पाण्डेयलाई गत आ.व.को संचालन खर्च | ११४००० |
| | | जम्मा | १८६६७६३ |

४१ **खर्च शिर्षक फरकः** खर्च वर्गीकरण व्याख्या अनुसार स्वीकृत योजना ता कार्यक्रम अनुसार खर्च लेखांकन गर्नु पर्नेमा निम्नानुसार फरक शिर्षकमा लेखांकन गरेको अनियमित देखिएको रु. **१४८३४६**

| गो.भा.नं.ब शि न | विनियोजन र खर्च शिर्षक | खर्च बिबरण | रकम |
|---|---|---|---|
| ७७ चालु | मसलन्द तथा कार्यालय सामाग्री | मर्मत खर्च | २०३४० |
| १८७ | करार कर्मचारीको तलव | फिर्निचर मर्मत | २२१२५ |
| १०२ | मेशिनरी औजार | नया गाडि स्कारपियो जिपको एसोसरिज तथा डेकोरेशन खरीद | १०५८८१ |
| | जम्मा | | १४८३४६ |

४२ **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा

कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | सङघिय सशर्त पुँजिगत | २२३१० | ० | १५९२ | २०७१८ | १४३३९ |
| २ | नगरपालिका पुँजिगत | २५६२०३ | ४९५२० | ३१२९७ | १७५३८६ | १०६७६४ |
| ३ | सङघिय बिषेश | ३१३६ | ० | ० | ३१३६ | ३१३६ |
| ४ | प्रदेश सशर्त | ९९४४ | ० | ० | ९९४४ | ९९४४ |
| | कूल खर्चः | २९१५९३ | ४९५२० | ३२८८९ | २०९१८४ | १३४१८३ |
| | खर्च प्रतिशत | | १७ | ११ | ७२ | ४६ |

४३ **पेश्कि बाँकी —**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ अनुसार देहायका पेश्की आ व को अन्तसम्म फर्छ्यैट नगरेकोले नियमानुसार असुल फर्छ्यैट गर्नु पर्ने रु १२४६४०००

| सि न | मिति | पेश्कि लिने पदाधिकारि | वडा | लगत संख्या | पेश्कि रकम |
|---|---|---|---|---|---|
| १ | ५।०७७।१।१० | श्री मोहन प्रसाद यादव | १ | १६४४ | ३२८८००० |
| २ | ७।०७७।१।१० | श्री मोहन प्रसाद यादव | ३ | १०३८ | २०७६००० |
| ३ | १०।०७७।१।१० | श्री राम कृपाल महतो | ६ | — | २४०६००० |
| ४ | ११।०७७।१।१० | श्री रामहित साह | ७ | — | १७४८००० |
| ५ | १२।०७७।१।१० | श्री मणीकान्त लाल कर्ण | ८ | — | १४१६००० |
| ६ | १३।०७७।१।१० | श्री धर्मेन्द्र कुमार लाल | ९ | ७६५ | १५३०००० |
| | | **कुल जम्मा** | | | **१२४६४०००** |

४४ **बिनियोजनभन्दा वढी खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा कार्यपालिकाबाट स्वीकृत गराई असार १० भित्र सभामा पेश गर्नुपर्ने, आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ । तर यस पालिकाले देहाय अनुसारको शिर्षकमा विनियोजन गरेभन्दा रु ४१ लाख ४८ हजार बढी खर्च गरेको अनियमित देखिएको रु. ४१४८३३६

| सि.नं. | शीर्षक | विनियोजित रकम | खर्च भएको रकम | बढी खर्च भएको रकम |
|---|---|---|---|---|
| १ | तरकारीको बिउ बिजन खरिद | ० | १५०००० | १५०००० |
| २ | अवकास प्राप्त शिक्षकको सम्मान कार्यक्रम | ० | १००००० | १००००० |
| ३ | महोत्तरी जिल्ला तेकान्दो प्रतियोगिता | ३००००० | ५५६००० | २५६००० |
| ४ | मर्मत सम्भार | ४०००००० | ७६४२३३६ | ३६४२३३६ |
| | | | | ४१४८३३६ |

निर्धारित बजेटको सिमा नाघि खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

४५ **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ८६४५ | ७४१४ | ८५·७६ |
| सामाजिक क्षेत्र | २३६२३९ | १९२२४६ | ८१·३७ |
| पूर्वाधार विकास क्षेत्र | २४७२५५ | १७९५९९ | ७२·६३ |
| वातावरण तथा विपद् व्यवस्थापन | २५०८० | २५०७० | ९९·९६ |
| संस्थागत विकास र सेवा प्रवाह | ० | ० | ० |
| वित्तिय व्यवस्थापन र सुशासन | २४२७ | ३८७९ | १५९·८२ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १६०२६७ | १४४९८१ | ९०·४६ |
| **जम्मा** | **६७९९१३** | **५५३१८९** | **८१** |

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः

४६ **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ३८२६९३१ राजस्व बाँडफाँड रु ६२०८०७६४र अनुदानबाट रु -३७७४५८०००समेत रु ४४३३६५६९५आम्दानी भएकोमा चालु तर्फ रु २९०५१७००० र पूँजिगत तर्फ रु २३८७४४००० - समेत ५२९२६१०००खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०।७२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु२०५९२२१ खर्च भएको छ जुन आन्तरिक आयको ५३।८० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५४।८९प्रतिशत चालु र ४५।११प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

**संगठन तथा कर्मचारी व्यवस्थापन**

४७ **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा

| | | |
|---|---|---|
| | सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण नगरी कार्यालय सहयोगी,ओभरसियर,सहायक कम्प्युटर अप्रेटर,ईन्जिनियर,सव ईन्जिनियर,पदमा ११ जना कर्मचारीहरु करारमा राखी रु ३६५३७६० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले उल्लेखित पद वाहेकको अ न मी,ल्याव असिस्टेन्ट,सव इन्जिनियर पदमा पनि करार नियुक्ति गरेको छ ।करार र ज्यालादारी ४७ पदमा राखी बर्षभरीमा रु ८३ लाख ८८ हजार पारिश्रमिक भुक्तानी गरेको छ । पालिकाले कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण गरेर मात्र खर्च लेख्नु पर्दछ । | |
| ४८ | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कानुनको ब्यबस्था अनुसार कल्याण कोषको ब्यबस्था गरी उक्त कोषमा मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ । | |
| ४९ | **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष चौथो नगरसभाबाट को निर्णयले १७ जना कर्मचारीलाइ १महिनाको २५ र ५० प्रतिशतका दरले रु ७३९००० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. | ७३९००० |
| ५० | **न्यायीक समिति** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नभएको र यो बर्ष २१ विवाद दर्ता भएकोमा १७ वटा मात्र फछ्र्यौट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ५१ | **ब उ शि नं ३६५००१०४ स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम**<br>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत ६ वटा योजना संचालन गर्न रु १ करोड विनियोजन भएकोमा मदरसाको छत ढलान, सामुदायिक भवन निर्माण, धर्मशाला निर्माण, जिर्णोद्धार दुर्गा मा· बि· को कम्पाउण्डबाल र जनता मा· वि· कटैयाको दुई कोठे भवन निर्माण कार्य सम्पन्न गरी रु ७८ लाख ५५ हजार खर्च भई वित्तिय प्रगती ७६—५५ प्रतिशत देखिएको छ । | |

<table>
<tr><td>५१.१</td><td>अधुरो आयोजना - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तिय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ ।सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२० मा मनासिब कारण भएमा सम्झौताको अवधी थप गर्न सक्ने र नियम १२१मा सम्झौता बमोजिमको कार्य निर्माण ब्याबसायिको लापरबाहीको कारण म्याद भित्र सम्पन्न नगरेमा सार्बजनिक निकायले पुर्ब निर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने ब्यबस्था छ ।पालिकाले उक्त नियमको बिपरित निर्माण कार्यमा नियमानुसार म्यादथप र पुर्बनिर्धारित क्षतिपुर्ति असुल नगरी स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको ठेक्का नंMUN/MAN-SIW/MOH/SCHOOL-02/W76-77 : श्री जनता मा वि कटैया चौरमा दुई कोठे दुई तले चौक्टी निर्माण गर्न रु ४३२१७८२। मू अ कर बाहेकमा ऋषि कन्स्ट्रक्सन एण्ड रियल स्टेट प्रा लि संग २०७७।३।२१ सम्म कार्य सम्पन्न गर्ने गरी २०७७।२।२५ मा सम्झौता भएकोमा २०७७।३।२५ सम्म बिम, पिलार, बाल र स्लयाव ढलान कार्यको रु ३५४९९१०।मुल्यांकन गरि भुक्तानी गरेको देखियो सम्झौता अनुसारको ९०१.५३ वर्ग मि पलाष्टर ३७९.३० वर्ग मि कोठामा माटो भर्ने ४.५६ वर्ग मि ढोका निर्माण कार्य, २२.३३ वर्ग मि झ्याल निर्माण र विद्युत वाइरिङ्ग लगायतका कार्य भएको देखिएन। सम्झौता अनुसारको काम सम्पन्न नभएकोमा निर्माण व्यावसायिलाइ उन्मुक्ति दिइ कार्यालयले भुक्तानी रकमको मात्र कार्यसम्पन्न प्रतिबेदन तयार गरेकोले बाकी काम निर्माण ब्याबसायीबाट सम्पन्न गराउनुपर्ने अन्यथा बाकी कामको रकम असुल गर्नुपर्ने रु</td><td>४३२१७८२</td></tr>
<tr><td></td><td>नगरपालिका पुँजिगत तर्फ</td><td></td></tr>
<tr><td>५२</td><td>३९—२०७६। पुँजिगत लाभकर -नगरपालिकाको भवन निर्माणका लागि जग्गा मुआब्जा समितिको निर्णय अनुसार खरीद गरेको जग्गाको निम्नानुसार ब्याक्तिहरुलाई प्रति कट्ठा रु ११ लाखका दरले १६ कट्ठा ४.५ धुर जग्गाको मुल्य रु १७८४७४९८ भुक्तानि गरेकोमा आर्थिक ऐन २०७६ बमोजिम पैत्रिक सम्पत्ति हस्तान्तरण हुँदा हस्तानतरण गर्ने ब्यक्तिले स्वामित्व लिएको ५ बर्षभन्दा अगाडी हस्तान्तरण गरेकोमा ५ प्रतिशतले र ५ बर्ष भन्दा पछि हस्तान्तरण हुदा २.५ प्रतिशतका दरले पुँजिगत लाभकर असुलगर्नुपर्नेमा बेच्ने ब्यक्तिको नाममा स्वामित्व हस्तान्तरणभएको कागजात लेखापरीक्षणमा पेश नभएको तथा अग्रीम कर असुल गरेको समेत नदेखिएकोले कर रकम असुल गर्नुपर्ने रु
<table>
<tr><td>जग्गा धनिको नाम</td><td>भुक्तानि रकम</td><td>कर रकम ५ प्रतिशत</td></tr>
<tr><td>राधव प्रसाद ठाकुर</td><td>५०१४१६६</td><td>२५०७०८</td></tr>
<tr><td>डा गोबिन्द ठाकुर</td><td>५३१६६६६</td><td>२६५८३४</td></tr>
<tr><td>राम निवास ठाकुर भुमिहार</td><td>५०९६६६६</td><td>२५४८३४</td></tr>
<tr><td>कमलेश ठाकुर</td><td>२४२००००</td><td>१२१०००</td></tr>
<tr><td></td><td>१७८४७४९८</td><td>८९२३७६</td></tr>
</table></td><td>८९२३७६</td></tr>
<tr><td>५२.१</td><td>जग्गा मुआब्जा निर्धारण समितले दर निर्धारण गर्दा जग्गा प्राप्ति ऐन २०३१ बमोजिमको जग्गा मुआब्जा निर्धारण समितिले मालपोतको न्युनतम मुल्यांकन चलनचल्तिको दर बैंकको मुल्यांकन दर समेतलाइ आधार मान्नु पर्नेमा पालिकाले बैंकको मुल्यांकन दर र वडा कार्यालयले शिफारिश गरेको प्रचलित दरलाइ मात्र आधार लिएको देखियो।</td><td></td></tr>
<tr><td>५३</td><td>१५१-०७७/२/२७ सानो ट्वेल वोडिङ्ग जडान उपभोक्ता समिति : २७ वटा वोडिङ्ग जडान वापत प्रति वोडिङ्ग रु१०९८८३.९८ का दरले रु.२९६६८६७ को संम्झौता वमोजिम रु.१६५४८५४। को मूल्यांकन गरी रु.१४५९३६५। भुक्तानी गर्दा लागत अनुमानमा सामाग्रीको मूल्य रु.४९१९१ र मू.अ. कर रु.६३९४।८३ का दरले २७ वटाको रु.१७२६६०। मु अ कर समावेश गरेकोमा उपभोक्ताले सामाग्री खरिदको रु.१३९७८९।को मु अ कर विल संलग्न गर्दा रु.१५२८७४। मू.अ.कर भुक्तानी गरेकोले बढी भुक्तानी मू.अ.कर रु १३०८५उ.स.बाट असुल गर्नु पर्ने रु.</td><td>१३०८५</td></tr>
</table>

| | | |
|---|---|---|
| | | |

५४ **स्वीकृत भए भन्दा फरक कार्यः** स्थानिय सरकार सन्चालन ऐन २०७४ बमोजिम नगरपालिकाले नगर परिषदबाट स्वीकृत भएको योजना तथा कार्यक्रम मात्र संचालन गर्नु पर्नेमा परिषदले स्वीकृत गरेको कार्य भन्दा फरक कार्य गरी निम्नानुसार भुक्तानी दिएकोले नियमित नदेखिएको रु.

| गो.भौ.नं | स्वीकृत योजनाको नाम | सम्पन्न कार्य | मूल्यांकन रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १९३ | ठाकुर टोलको सडकमा ह्यूम पाइप र नाला निर्माण | सडकस्तर उन्नती ग्राभेल र पि.सि.सि | ७७४७८१ | ७००००० |
| १९९ | आनन्द महतोको घर देखि गौरी सडक सम्मको पि.सि.सि. ढलान | सडकस्तर उन्नती, आर.सि.सि. एच डि.पि. पाइप विच्छाउने र ग्राभेल कार्य | १३१००३१ | १२००००० |
| जम्मा | | | | १९००००० |

रकम: १९०००००

५५ उपभोक्ताको काम ठेक्काबाटः सार्वजिनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिलाई दिएको कार्य निर्माण व्यवसायीबाट ठेक्कामा गराउन नहुने र कुनै कारणवश सो समिति आफैले समयमा गराउन नसकेमा सो कुराको जानकारी सार्वजनिक निकायलाई दिएर सार्वजनिक निकायले आवश्यक जाँच गरी समितिसंग भएको संझौता तोडी ऐन र नियमावली वमोजिम कार्य गराउनु पर्ने व्यवस्था छ । निम्नानुसार उपभोक्ता समितिसंग सम्झौता भएको कार्य निर्माण व्यवसायीबाट गराएको विल संलग्न गरी उपभोक्ता समितिलाई भुक्तानी गरेको देखिएको रु.

| गो.भा.नं | उ.स को नाम | कार्य विवरण | मूल्यांकन | भुक्तानी | निर्माण व्यावसायी |
|---|---|---|---|---|---|
| २२० | कृषि बाटो उ.स.वाड नं६ र ७ | माटो ग्राभेल | १०९४३४१ | ९७५५७१ | आकाश कन्ट्रक्सन (६०७७५१५५८) विजक नं६ मिति ०७७।२।१५ बाट मेसिनबाट माटो खनी सडक बनाउने कार्यको रु.९३३३८० को विल संलग्न |

रकम: ९७५५७१

५६ **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ वमोजिम कार्यालयले मालसामानको लागत अनुमान स्वीकृत गरी प्रतीस्पर्धाबाट खरिद गर्नुपर्नेमा नगरपालिकाले निम्न सामान खरिदको लागत अनुमान तयार नगरी सोझै खरिद गर्दा र लागत अनुमान स्वीकृत गरी बोलपत्रबाट खरीद गर्दा समेत मालसामानको कम्पन्नीको वेभसाइटमा २०१९मा प्रकाशित नेपालको लागी अधिक्तम खुद्रा मूल्य भन्दा बढी दरमा खरिद गरेको देखिएकोले बढी व्ययभार पारेको रु.

| जिन्सी सामानको नाम | मू.अ.कर बाहेक लागत अनुमान | मू.अ.कर बाहेक खरिद मूल्य | कम्पन्नीको अधिक्तम खुद्रा मूल्य | बढी व्ययभार मु अ कर समेत | कैफियत |
|---|---|---|---|---|---|
| डेल ल्यापटप आइ ५, आठौ जेनेरेशन४ जि बि र्याम ११ थान | ८०००० प्रति थान | ७८४०० | ६२००० | २०३८५२ | बाबा पशुपति सप्लायर्स काठमान्डौ,बोलपत्रबाट |

रकम: ५०२८६४

| | | | | | |
|---|---|---|---|---|---|
| सामसुङ मोबाईल एस १० थान ३ | नबनाएको | १३२००० | ७४९९९ | १९३२३३ | विराट कम्प्युटर एण्ड इलेक्ट्रोनिक्स जनकपुरबाट सोझै खरिद |
| सामसुङ मोबाईल ए१० ११ थान | नबनाएको | २२००० | १३४९० | १०५७७९ | स्वस्तिक इन्टरनेशनल विजनेश लिकं काठमान्डौबाट सोझै खरिद |
| जम्मा | | | | ५०२८६४ | |

| | | |
|---|---|---|
| **५७** | **बिल भर्पाइ पेश नभएको**आर्थिक कार्यबिधी नियमावली २०६४ को नियम ३६ मा बिल भर्पाइ सहितको लेखा राख्नुपर्ने ब्यबस्था छ पालिकाले निम्नानुसारको खर्चमा बिल भर्पाइ संलग्न नगरी खर्च गरेको देखिएकोले आबस्यक बिल भर्पाइ पेश हुनु पर्दछ । | |
| **५७.१** | ४६-२०७६।७।६ बाट मजहरुल ओलुम मदर्सा प्रा.वि.लाइ डेसबेन्च२० थान बापत रु ९०४०० भुक्तानी गरेकोमा बिद्यालयको खप्नेखातामा दाखिला प्रमाण पेश नभएको रु | ९०४०० |
| **५७.२** | १५१-०७७।२।२७ र २७३-३/३० आर्थिक कार्यबिधी नियमावली २०६४ को नियम ३६ मा बिल भर्पाइ सहितको लेखा राख्नुपर्ने ब्यबस्था छ स्यानो टयूवेल बोडिङ्ग जडान उ.स. २ ले २७ वटा वोडिङ्ग वापत रु.२८७०२१९। भुक्तानी दिएकोमा टयूवेल जडानको अभिलेख र भरपाई पेश हुनु पर्ने रु. | २८७०२१९ |
| **५७.३** | ४७-२०७६।७।६ बाट मिसप ईन्टरप्राईजेजलाइ ब्याग सामाग्री खरिदबापत गत आ.व.को रु ४७५७९३ भुक्तानी गरेकोमा भुक्तानी बाकीको प्रमाण तथा बितरणको भर्पाइ पेश नभएको रु | ४७५७९३ |
| **५७.४** | **साईकल खरिदः** ७६-०७६/८/५ विद्यालयको छात्राहरुलाई साईकल वितरण गर्न एम.आर आर ट्रेडर्स विजक नं.०१, ६०९००७६२० बाट ४० थान साईकल रु.४९८५६६।मा खरिद गरेको छ । खरिद गरेको साईकलहरुको जिन्सी दाखिला नभएको र क-कसलाई उक्त साईकल वितरण गरेको हो कुनै प्रमाण पेश नभएकोले खरिद गरेको साईकलको जिन्सी दाखिला र वितरण गरेको भरपाई सहितको प्रमाण पेश गर्नुपर्ने रु. | ४९८५६६ |
| **५७.५** | १९४-०७७/३/३१ मिसप ईन्टरप्राईजेज (३०५२६६००६) ल.पू.को गत वर्प २२१-०७६/३/३१ बाट रिभर्स गर्दा ५० प्रतिशत मु अ करकट्टी २७७२२ अग्रीम कर बाहेक रु रु.४४८०७१। व.ख. घटाएकोमा यस बर्ष पूनः रु ४८२१९३ खर्च लेखी अग्रिम कर रु.६४०० कट्टी गरी रु.४७५७९३। भुक्तानी गरेकोले कट्टी भएको भ्याट पून खर्च लेखी रिभर्स भएभन्दा बढि भुक्तानी दिएको हुँदा भ्याट रकम असुल हुनु पर्ने रु. | २७७२२ |
| **५७.६** | **गो.भा.२२५-०७७।३।२४** एम वि. कम्प्यूटर एण्ड सप्लायर्सबाट साँढा स्वास्थ्य चौकीको लागि स्पेशिफिकेशन नखुलाई मू.अ.कर बाहेक मेडिकल ईयर मेशिनको रु.८०००। ल्यापटप-१ रु.८५०००। मेडिसिन वि.पि. सेट १ को रु.१५०००। गरी रु.१२२०४०। भुक्तानी गरेकोमा वि.पि.सेटको मूल्य वजार दर भन्दा अस्वाभाविक देखिएको र ल्यापटप र मेडिकल इयर मेशिनको स्पेशिफिकेशन नखुलाउँदा उचित मूल्यमा खरिद गरेको हो भन्न नसकिएकोले पालिकाबाट एकिन गरी बढी रकम असुल गर्नु पर्ने रु. | १२२०४० |
| **५७.७** | पि.वि. ग्लोबल ट्रेडर्सबाट ह्याण्डपम्प कल ५३ सेट रु.१८७२१६१। गो.भा.४९-०७६।७।६ मा भगत कन्ट्रक्सन प्रा.लि. बाट ६२ सेट रु.९२२३२४। गरी ११५ थान खरिद गरेकोमा गो.भा.नं.२५५ मिति ०७७/३/३० मा जित एण्ड रिंगु निर्माण सेवाबाट ४० थान ह्याण्डपम्प मात्र जडान गरेको देखिएकोले बाँकी जडान गरेको प्रमाण पेश हुनु पर्ने रु. | १८२२४९० |
| **५७.८** | १११-०७६/१०/२६ कक्षा ११ का छात्राहरुलाइ साइकल बितरण गर्न न्यु आदर्श इन्टरप्राइजेजबाट ८९ थान खरीद गरी रु ८९९२७० भुक्तानी गरेकोमा बितरणको प्रमाण पेश नभएको रु | ८९९२७० |
| **५८** | ६६-०७६/६/२५ सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिले समयमा काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सुचना सार्बजनिक निकायलाइ दिइ सार्बजनिक निकायले सो सम्बन्धमा | |

| | | |
|---|---|---|
| | आबस्यक जाँच गरी समितिसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली अनुसार गराउनुपर्ने ब्यबस्था छ ।वथनाहमूल सडक विस्तार तथा नाला निर्माण कार्यको कार्यालयबाट रु.४८०२०००। भुक्तानी गर्ने गरी मिति २०७६।२।१४ मा २०७६।३।२४ भित्र सम्पन्न गर्ने गरी रु.५३८३८४२।को संझौता गरेकोमा उपभोक्ता समितिको ०७६।७।६ को निवेदन अनुसार ०७६।७।८ मा आर्थिक वर्ष २०७६।७७ सम्म म्याद थप गरी प्रथम रनिङ्ग विलबाट रु.२६७९४०९। मूल्यांकन गरी रु.२४१०१२८। भुक्तानी गरेको छ ।आर्थिक बर्षभित्र सक्नुपर्ने काम अर्को आर्थिक बर्षमा म्याद थपको निबेदनलिइ म्यादथप गरी प्रथम बिल मात्र भुक्तानी गरी अधुरो रहेको देखिन्छ ।नियमावली अनुसार समितिको सम्झौता तोडी खरिद ऐन अनुसार नगराइ म्यादथप गरी अधुरो समेत रहेको उचित तथा नियमित देखिएन । | |
| ५९ | **टावर लाईट जडानः** गो भौ १९-२०७६।६।३०-सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ अन्य बजारको प्रचलित दरभाउ र आपूर्ति गर्ने स्थान सम्म लाग्ने अनुमानित ढुवानी खर्च समेतलाई आधार लिई लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ ।नियमावलीले तोकेको उक्त आधार प्रमाण नराखी गत बर्षको ईलेक्ट्रोसियन ईन्जिनियर गंगाराम यादवबाट तयार गरेको लागत अनुमान मु अ कर बाहेक प्रति सेट रु.२२१२६१।ले २३ सेटको रु. ५०८९०१४।मा बोलपत्रबाट बोलपत्रदाता श्री भगत कन्ट्रक्सन प्रा.लि लाइ रु.४९१७४००। भुक्तानी गरेकोमा कार्यालयले गो भौ २७९ मिति २०७७।३।३० बाट यस बर्ष थप २० सेट टावरलाइटको इ गंगाराम यादवबाट नै प्रतिसेट मु अ कर बाहेक रु २१३६२८ को लागत अनुमान तयार गरी बोलपत्रबाट अतिस इन्टरप्राइजेजले कबोल गरेको रु २०३३७७ ले हुने मु अ कर समेत रु ४५९६३३१ भुक्तानी गरेको छ ।आधार र प्रमाण बेगर एकै ब्याक्तिबाट एउटै कामको गत बर्ष प्रति सेट रु २२१२६१र यस बर्ष रु २०३३७७ को दरमा तयार गरेको लागत अनुमानमा बिस्वस्त हुन सकिदैन । | |
| ५९.१ | गो भौ १९-२०७६।६।३० बाट बिक्री पछिको सेवा ५ वर्षको लागि प्रति सेट रु.२०००।का दरले २३ सेटको रु.४६०००। ईष्टिमेट गरी बोलपत्रदाता श्री भगत कन्ट्रक्सन प्रा.लि.को कवोल दर रु.५००।ले मु अ कर समेत रु.१२९९५। भुक्तानी गरेकोमा बारेन्टीको संझौता पेश नभएकोले असुल हुनुपर्नै रु | **१२९९५** |
| ५९.२ | **टावरलाईट र गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान संझौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर वमोजिम भए नभएको मालसामान निरीक्षण वा परीक्षण सम्बन्धि प्रचलित कानून भए सोही कानून वमोजिम र नभएमा खरिद संझौतामा उल्लेखित कार्यविधि वमोजिम सम्बन्धित मालसामान सम्बन्धित विज्ञ रहेको एक समितिबाट निरीक्षण वा परीक्षण गराई प्रतिवेदन लिनु पर्नेमा परिक्षण नगराइ एउटै प्राबिधिकले आधारबेगरतयार गरेको लागत अनुमानमा गुणस्तर परिक्षणको प्रतिबेदन नलिइ ४३ सेटको रु ९५१३७३१। भुक्तानी गरेकोमा गुणस्तर सम्बन्धमा बिस्वस्त हुने आधार देखिएन । | |
| | **चालु** | |
| ६० | **जिन्सी अभिलेख ः** आर्थिक कार्यविधि नियमाबली, २०६४ को नियम ४७ मा खरिद गरी वा नगरी, हस्तान्तरण भई वा बस्तुगत सहायतामा प्राप्त मालसामान ७ दिन भित्र मूल्य र स्पेशिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अधावधिक गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको साविक गा.वि.स. र बिषयगत शाखाको सम्पूर्ण चल, अचल सम्पति र जिन्सी अभिलेख प्राप्त गरी नगरपालिकाको जिन्सी तथा सम्पत्ति रजिष्टरमा अभिलेख नराखेको, यस वर्ष नगरपालिका अन्तर्गतका वडा कार्यालयले खरिद गरेको मालसामान को जिन्सी दाखिला नगरेको कारण नगरपालिका अन्तर्गत के कति सम्पत्ति र दायित्व रहेको छ यकिन गर्ने आधार भएन । पालिकाको स्वामित्वमा रहेको भवन , जग्गा , सवारी साधन , कम्पयूटर, ल्यापटप, प्रिन्टर, मोवाईल सेट, फर्निचर लगायत खप्ने तथा नखप्ने मालसामान सम्बन्धमा हिनामिना ,दुरुपयोग तथा अपचलन हुनबाट संरक्षण गर्न छानबीन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरी पेश गर्नु पर्दछ । | |
| ६०.१ | आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ४६ र ४७ मा कार्यालयले खरिद गरी वा अन्य कुनै प्रकारले | |

प्राप्त गरेको जिन्सी मालसामान एक वर्ष भन्दा वढी खप्ने प्रकृतिको भए म.ले.प. फारम नं.४७ खप्ने जिन्सी खातामा आम्दानी जनाई अभिलेख राख्नु पर्दछ । यस्ता प्रकृतिका सामान कुनै व्यक्ति वा बिषयगत शाखालाई प्रयोग गर्न दिएमा सहायक जिन्सी खाता तयार गरी सामान कसको जिम्मा रहेको छ भन्ने अभिलेख राख्नु पर्दछ ।नियम ५१ मा नियम बमोजिम लगत खडा गरी राखिएको सरकारी जिन्सी मालसामान हानीनोक्सानी नहुनेगरी संरक्षण गर्ने र तिनिहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्बन्धित कार्यालयप्रमुखको हुने ब्यबस्था छ । कार्यालयले यस्ता खप्ने प्रकृतिका जिन्सी सामानहरुको जिन्सी खाता नं. ४७ मा दाखिला गरी सहायक जिन्सी खाता तयार गरी उक्त सामानहरु क–कसको जिम्मामा रहेको सो खुल्ने अभिलेख राखेको देखिएन ।लेखापरिक्षणको लागी पेश भएको जिन्सी खाता म.ले.प. फारम नं.४७ र ५२ शाखा प्रमुख कार्यालय प्रमुख कसैबाट पनि प्रमाणित नभएको, मालसामानको स्पेशिफिकेशन नखुलाएको,जोडजम्मा नगरेको,वडामा हस्तान्तरण गरेका सामान मौज्दातबाट घटाएको, जिन्सी मौज्दातको बार्षिक बिबरण तयार नगरेको , जिन्सी निरिक्षण गरि गराइ प्रतिबेदन तयार नगरेको , निकासी हुदा निकासी नम्बर नराखेको ,मागफाराम ब्यबस्थित नरहेको,खर्च भएर जाने सामान आम्दानी गरेकोमा मागफाराम अनुसार खर्च र मौज्दात नजनाइ आम्दानि मात्र जनाएको ति मध्ये बाँकी आ ब २०७७।७८ मा जिम्मेवारी सारेको समेत नदेखिएकोले जिन्सी अम्दानी र खर्च सम्बन्धमा कार्यालयबाट आबस्यक छानबिन गरी बिगत देखिको जिन्सी अभिलेखअध्यावधिक गरी हिनामिना भए नभएको सम्बन्धमा प्रतिबेदन लिनु पर्दछ ।

६०.२ **खरिद ईकाई र लागत अनुमानः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ मा मालसामानको लागत अनुमान बनाउनु पर्ने, नियम १६ मा खरिद ईकाइ गठन गर्नुपर्ने तथा खरिद ऐनको दफा ८ मा खरिद विधि छनौट गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले ऐन र नियमावली वमोजिम मालसामान खरिदका लागि ईकाइ गठन गरी खरिद ईकाइको निर्णयले खरिद विधि छनौट नगरी पटक पटक सोझै कर्मचारी र सप्लायर्सबाट खरिद गरेको देखियो । यसरी खरिद गर्दा पटक पटक खरिदमा एउटै मालसामानको मूल्य पनि फरक फरक तिरेको देखियो । ऐन नियमावलीको पालना नगरी सोझै खरिदमा देखिएका केही व्यहोरा निम्नानुसार छन ।

६०.३ **सोझै खरिद गर्दा फरक फरक दरमा खरिदः** सार्वजनिक खरिद नियमावली,२०६४ वमोजिम वार्षिक खरिद योजना स्वीकृत नगरी सामानको स्पेशिफिकेशन नखुलाई ब्याक्तिले सोझै खरिद गरी सोधभर्ना गर्दा यस वर्ष निम्नानुसारको जिन्सी सामान र औषधी उपरकण खरिदमा बढी व्ययभार परेको देखिएको छ । जिन्सी खाता परीक्षण गर्दा देखिएका केही उदाहरणहरु निम्नानुसार छ ।यस सम्बन्धमा कार्यालयबाट आबस्यक छानबिन गरि बास्तबिक बजार दर भन्दा बढि भुक्तानी रकम असुल गर्नु पर्दछ ।

| जिन्सी सामान | खरिद परिमाण | खरिद दर रु. |
|---|---|---|
| एक्सटेन्सन वोर्ड | ७५ | ७५० देखि१२०० सम्म |
| पेन ड्राईभ | २० | १५०० देखि १८०० सम्म |
| झुल | २२०० | २५० देखि१२५० सम्म |
| कार्टेज | १४२ | ५००० देखि ७५०० सम्म |
| त्रिपाल | १५७० | १०५० देखि २६५० सम्म |
| बल्ब होल्डर | १००५ | २५ देखि ६५ सम्म |
| प्यारासिटामोल ह्यावलेट | १२५०० | १ देखि ४ सम्म |
| एल.ई.डि.बल्ब | ११०८ | ४०० देखि १६३० सम्म |
| क्लियर ब्याग | १७७ | १५ देखि २२५ सम्म |
| सि.पि.एम.ट्यावलेट ४ एम जी. | ३२०० | १ देखि ३ सम्म |
| कोभिड तर्फ | | |
| कम्पलेक्स ट्वावलेट | ४९००० | ३ देखि ८ सम्म |
| कटनरोल | १०६ | २०० देखि ३०० |

| | | |
|---|---|---|
| पि.पि.ई किट (फेससिल) | ८३ | ४०८० देखि ८००० |
| गोलोब्स | ६१ | ३० देखि ९० |
| सेर्जिकल मास्क | ७१८६५ | ४ देखि २५ |
| सेनिटाईजर वोतल | १८२३ | २२५ देखि ७६५ |
| जाजिम तन्ना | ५५८ | २५५ देखि १४६२ |
| गम्छा | १६७ | १९५ देखि ३५० |
| के.एम ९५ मास्क | ६१५ | ३२५ देखि ५४४ |
| प्लास्टिक क्वाल्टिन | २४३ | २८० देखि ६४० |
| जग।मग | २२६ | २० देखि २२५ |
| सेनिटाईजर | १९४७० | ४९ देखि ५८ |

६१ **बिल भर्पाइ पेश नभएको**- आर्थिक कार्यबिधी नियमावली २०६४ को नियम ३६ मा बिल भर्पाइ सहितको लेखा राख्नुपर्ने ब्यबस्था छ ।पालिकाले निम्नानुसारको अषाढ महिनामा अविरल वर्षाका कारण विपतमा परेका लाई वितरण गर्न त्रिपाल,झुल , बिद्यालयको युनिफर्म ,पुस्तक खरिद गरेकोमा सम्बन्धितलाइ बितरण गरेको आबस्यक बिल भर्पाइ नराखि रु ६२६०८७२ भुक्तानी खर्च लेखेको देखियो ।यस्तो खर्च उद्दार तथा पूर्नस्थापना समितिबाट बिबरण सङकलन र बितरण गरी सम्बन्धितलाइ बितरण गरेको भर्पाइको आधारमा उक्त समितिबाट अनुमोदन गराइ खर्च लेखेको देखिएन ।तसर्थ उक्त जिन्सी बितरणको भर्पाइ लिइ समितबाट अनुमोदन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु

६२६०८७२

| गो.भा.नं चालु | विवरण | थान | भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| २९-०७६।६।३० | न्यूटेरिक सप्लार्यसबाट झुल खरिद (६१०७४८४००) | ५०० | ४९७२०० | अषाढ महिनामा अविरल वर्षाका कारण विपतमा परेका लाई वितरण गर्न |
| ३१-०७६।६।३० | न्यूटेरिक सप्लार्यसबाट त्रिपाल खरिद (६१०७४८४००) | १७० | २०१७०५ | अषाढ महिनामा अविरल वर्षाका कारण विपतमा परेका लाई वितरण गर्न |
| ३२-०७६।६।३० | आलोक ईलेक्ट्रोनिक सप्लायर्सबाट झुल (६०६३००५६) | ५०० | ४९७००० | अषाढ महिनामा अविरल वर्षाका कारण विपतमा परेका लाई वितरण गर्न |
| ३३-०७६।६।३० | आलोक ईलेक्ट्रोनिक सप्लायर्सबाट झुल (६०६३००५६) | २०० | १९८८८० | अषाढ महिनामा अविरल वर्षाका कारण विपतमा परेका लाई वितरण गर्न |
| ३४-०७६।६।३० | ग्लोवल सप्लायर्सबाट झुल खरिद(६०७८९६०५३) | ५०० | ४९७२०० | अषाढ महिनामा अविरल वर्षाका कारण विपतमा परेका लाई वितरण गर्न |
| ५६-०७६।७।५ | सिटी ट्रेड कन्सर्नबाट त्रिपाल खरिद (३०२२५९२४१) | २५० | ४६६१२५ | अषाढ महिनामा अविरल वर्षाका कारण विपतमा परेका लाई वितरण गर्न |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ५७-०७६।७।५ | सत्यम ट्रेड कन्सर्नबाट त्रिपाल खरिद (३०२४४५४४८) | २५० | ४६६१२५ | अषाढ महिनामा अविरल वर्षाका कारण विपतमा परेका लाई वितरण गर्न | |
| | | ६५-०७६।७।६ | रामहित साहबाट राहत वितरण खाजा | | ५९६६५ | अषाढ महिनामा अविरल वर्षाका कारण विपतमा परेका लाई वितरण गर्न | |
| | | ८१-०७६।७।८ | किशुन गिरी राहत खाजा तथा वाडीमा दमकल चलाएको | | ६५३०० | अषाढ महिनामा अविरल वर्षाका कारण विपतमा परेका लाई वितरण गर्न | |
| | | ९२-०७६।८।५ | न्यू एस.आर इन्टर प्राइजेजबाट त्रिपाल खरिद (६११८३६८३८) | २८६ | ३९७६४७ | अषाढ महिनामा अविरल वर्षाका कारण विपतमा परेका लाई वितरण गर्न | |
| | | १००-०७६।८।८ | ज्योती जेनरल अर्डर सप्लायर्सबाट त्रिपाल खरिद (६०८९०११३४) | २६७ | ४९७८२१ | अषाढ महिनामा अविरल वर्षाका कारण विपतमा परेका लाई वितरण गर्न | |
| | | २९४-०७७।२।२५ | अहद इन्टरप्राइजेजबाट त्रिपालखरिद (६१२२६९५९०) | २६७ | ४९७८२१ | अषाढ महिनामा अविरल वर्षाका कारण विपतमा परेका लाई वितरण गर्न | |
| | | ३८५-०७७।३।२४ | माँ यसोधा युनिफर्म बाट विद्यार्थी झोला | ५८० | ४४५६७२ | बिद्यार्थिलाइ बितरण गर्न | |
| | | ३८६-०७७।३।२४ | एकता सप्लायर्सबाट विद्यार्थी पोषाक खरिद | ५८० | ४९४८२७ | बिद्यार्थिलाइ बितरण गर्न | |
| | | ३८७-०७७।३।२४ | एकता सप्लायर्सबाट विद्यार्थी टाइवेल्ट खरिद | ५८० | १९९८३७ | बिद्यार्थिलाइ बितरण गर्न | |
| | | ३८८-०७७।३।२४ | एकता सप्लायर्सबाट विद्यार्थी पुस्तक खरिद | ५८० | ३७४१०० | बिद्यार्थिलाइ बितरण गर्न | |
| | | ४१०-०७७।३।२७ | आयुष जेनेरल अर्डरबाट लाइफ जाकेट २५ त्रिपाल ८० तगारी | ३०० | ४०३९४७ | बिपद ब्यबस्थापनको लागी | |

| | | | | |
|---|---|---|---|---|
| | ७५ बेल्चा ५० कोदालो ३० | | | |
| जम्मा | | | ६२६०८७२ | |

६२ **व्यक्तिगत रिचर्ज खर्चः**पालिकाले निम्नानुसार ब्याक्तिगत रिचार्ज खर्च दिएको देखिएकोले यस्तो खर्च नियन्त्रण हुनुपर्दछ ।यस्तो खर्चलाइ नियमित मान्न नसकीएको रु १४७७२०

| गो.भा.नं. | विवरण | रकम |
|---|---|---|
| २८-०७६।६।३० | राजन कुमार ठाकुर रिचार्ज वापत भुक्तानी | ४९६०० |
| ९९-०७६।८।६ | रिचार्ज वापत भुक्तानी | २४५२० |
| १०८-०७६।८।१० | राजन कुमार ठाकुर रिचार्ज वापत भुक्तानी | १८६०० |
| २८२-०७७।२।१ | पदाधिकारी तथा कर्मचारीलाई रिचार्ज वापत भुक्तानी | २८००० |
| ४३२-०७७।३।२९ | पदाधिकारी तथा कर्मचारीलाई रिचार्ज वापत भुक्तानी | २७००० |
| जम्मा | | १४७७२० |

६३ **अन्य कार्यालयको खर्चः** पालिकाले आफ्नो कार्यक्रम र अख्तियारीबाट अन्य कार्यालयको खर्च भुक्तानी गरेको अनियमित देखिएको रु ४६१८८३

| गो.भा.नं | कार्यालयको नाम | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|---|
| ४-चालु ०७६।६।१५ | जिल्ला प्रशासन कार्यालय | सिमेन्ट खरिद वापत | जगदम्बा आयरण स्टोर्सलाई भुक्तानी | ५४१८३ |
| १२६-चालु ०७६।८।२२ | जिल्ला प्रशासन कार्यालय | दैनिक भ्रमण भत्ता | १ जना कर्मचारी | ७७०० |
| ४२३- चालु ०७७।३।२८ | महोत्तरी जिल्ला गै स स स समिति, महोतरी | | गै स स समिति | ४००००० |
| जम्मा | | | | ४६१८८३ |

६४ **पान विलबाट खरिदः**सार्बजनिक खरिद नियमावली २०६४ बमोजिमरु २०००० भन्दा बढिको खरिद मु अ करमा दर्ता भएकोसग गर्नुपर्नेमा निम्नानुसारको खरिद दर्ता नभएकोबाट गरेको देखियो ।कर बिजकपेश नभएको भुक्तानीमा आयकर ऐनको दफा ८८ बमोजिम १५प्रतिशत अग्रीम कर कट्टी गर्नुपर्नेमा घटि कट्टि गरेकोले कर रकम रु ४१७६७ असुल तथा खर्च नियमित नदेखिएको रु ३०९३९२

| गो.भा.नं चालु | खर्च विवरण | सप्लायर्स | रकम | नपुग TDS |
|---|---|---|---|---|
| ३०-०७६।६।३० | कार्यालय सामान | चित्रांकन इन्टर प्राइजेज **PAN(६०१८९२०९५)** | ४१७६० | ५६३७ |
| ९७-०७६।८।५ | कार्यालय सामान | रविन्द्र स्टेशनरी उद्योग | ८७३२५ | ११७८८ |
| १०२-०७६।८।८ | कार्यालय सामान | मिथिला जेनरल अर्डर सप्लायर्स | ४३२५० | ५८३८ |

| | | | | |
|---|---|---|---|---|
| ३५३-०७७।३।१९ | मर्मत पाईप **HDPE** | माँ लक्ष्मी हार्डवेयर | ३९०२२ | ५२६७ |
| ३५२-०७७।३।१९ | मसलन्द | पशुपती छापाखाना | ६५०६५ | ८७८३ |
| ३६७-०७७।३।२१ | सूचना | समाचार दैनिक | १२००० | १६२० |
| ३६८-०७७।३।२१ | सूचना | महोतरी सासाहीक | २१००० | २८३५ |
| जम्मा | | | ३०९३९२ | ४१७६७ |

| | | |
|---|---|---|
| ६५ | १३-०७६।६।१५ यूनिसेफ तर्फका सरसफाई कार्यक्रमका ५ जना टिगरको श्रावण भाद्र महिनाको पारिश्रमिक वापत रु.१२००००। भुक्तानी गरेकोमा यूनिसेफबाट उक्त खर्च सोधभर्ना लिनु पर्ने रु. | १२०००० |
| ६६ | ११४ यूनिसेफ तर्फका कर्मचारीको श्रावण-आश्विन ५ जनाको पारिश्रमिक रु.१८००००। भुक्तानी गरेकोमा श्रावण महिनाको गो.भा.नं १३ बाट भुक्तानी भइ सकेकोले दोहोरो भुक्तानी रकम १८०००० असुल हुनु पर्ने रु | १८०००० |
| ६७ | **गत आ.वा.को भुक्तानीः** आर्थिक कार्यबिधि नियमावलि २०६४ को नियम ४० मा चालु बर्षको बजेटले नखाम्नेगरी बढि बजेट खर्च हुने गरी दायित्व सृजना गर्न हुदैन ।तर बिशेष कारण एवं परिस्थितिबस नियमको उपनियम ८ मा उल्लेखित खर्च शिर्षकहरुमा चालु बर्षको बजेटले नखामेको खर्च बेहोर्नुपर्ने भएमा बिल भर्पाइ बमोजिमको रकम आगामि बर्षमा भुक्तानी दिनपर्ने कारण खोलि महालेखापरिक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाकिको कच्चाबारीमा चढाइ श्रावण १५ गते भित्र प्रमाणित गराइ त्यस्तो भुक्तानी दिन बाकीको कच्चाबारी महालेखापरिक्षकको कार्यालयमा समेत पठाउनु पर्ने ब्यबस्था छ । निम्नानुसारको भुक्तानी दिनबाँकीको प्रमाणित कच्चाबारी बेगरउपनियम ८ मा तोकेको भन्दा फरक शिर्षकको समेत यस बर्ष भुक्तानी गरेको नियमित नदेखिएको रु | १९९६६८८ |

| गो.भा.नं | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १८-०७६।६।३० | गाडी मर्मत | सिप्रमी ट्रेडिङ्ग प्रा.लि. | १२८७३ |
| २५-०७६।६।३० | घरभाडा | श्रीमती उषा देवी | १८००० |
| २७-०७६।६।३० | घरभाडा | कामेश्वरी चौधरी | ९०७५ |
| ४६-०७६।७।१ | घरभाडा | रामानन्दन साह | २७६०० |
| ४८-०७६।७।१ | मर्मत | नविन कुमार मिश्र | ११६७५ |
| ६३-०७७।७।६ | सूचना प्रकाशन | द पब्लिक टुडे | ४०७७७८ |
| ६६-०७७।७।६ | घरभाडा | रामजुलुम साह | ३८५९० |
| ६७-०७७।७।६ | बैठक भत्ता | वडा अध्यक्ष सोनेलाल साह | ६०००० |
| ७४-०७६।७।८ | घरभाडा | विरेन्द्र प्र.साह | ४७१७० |
| ७५-०७६।७।८ | विद्युत,खाजा,मर्मत | मणिकान्त लाल कर्ण | १६३९२७ |
| १७६-०७६।११।१२ | औषधी | सुभिता भेडिसिन | १२००००० |
| जम्मा | | | १९९६६८८ |

| | | |
|---|---|---|
| ६८ | **बिद्युतमा थप दस्तुर** ४४-७६।७।१ नगरपालिका भाडामा बसेको घर धनी सुरेश पाण्डेयको घरको ग्राहक संख्या ०२०-११-०५५ को विद्युत महशुल भुक्तानी गर्दा थप जरिवाना २५ प्रतिशत रु.२२२३१। समेत भुक्तानी गरेको छ । विद्युत महशुल समयमा तिरी छुट लिनु पर्नेमा निम्नानुसार जरिवाना तिरी बढि व्ययभार पारेको रु. | २२२३१ |

| गो.भा.नं | विल रकम | थप | जम्मा | भुक्तानी | अग्रीम |
|---|---|---|---|---|---|
| ४४-०७६।७।१ | ८३८३१ | २०९५८ | १०४७८९ | १४०००० | ३५२११ |
| ४५-०७६।७।१ | ४९८७ | ११७३ | ६१६० | ६००० | |
| जम्मा | ८८८१८ | २२१३१ | ११०९४९ | १४६००० | ३५२११ |

६९ **आर्थिक सहायता तथा कार्यक्रमको सहयोगः**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ मा पालिकालाई तोकिएको अधिकारमा आर्थिक सहायता तथा कार्यत्र्कमगत सहयोग दिन मिल्ने व्यवस्था भएको देखिदैन । पालिकाले निम्नानुसार कार्यक्रमगत सहायतामा रु ९१३८२५खर्च गरेको देखियो । खर्चको लागत र प्रस्ताव अनुसारको पुरै खर्चको विल वेगर भुक्तानी गर्दा भुक्तानी रकमको दुरुपयोग हुने वास्तविक कार्यक्रममा खर्च नभई व्यक्ति विशेषलाई फाइदा पुग्ने र भुक्तानी रकम वास्तविक खर्च हो भनी यकिन गर्न सक्ने अवस्था रहेन । पालिकाले यस्तो आर्थिक सहायताको रुपमा कार्यक्रमगत सहयोग उपलब्ध गराएको नियमित नदेखिएको रु. ९१७०००

| गो.भा.नं | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ३-०७६।६।१५ | दूर्गापूजा महोत्सव | १६२००० | |
| ३७-०७६।७।१ | विश्वकर्मा पूजा सामाग्री | ६०००० | मिठाई खरीद विल संलग्न |
| ४०-०७६।७।१ | विभिन्न बैठक सभा संचालन खाजा | २९५००० | शान्ति जेनरल स्टोर एण्ड सप्लायर्सको फलफुल, खाजा, रेडबुलुको विल संलग्न |
| ४७-०७६।७।१ | सभा संचालन अतिथी सत्कार | ३००००० | ललित मिठाई पसलको नास्ता,पानी,चिया पानको विल |
| ६८-०७६।७।१ | श्रावण मेलामा भएको टेण्ट हाउस | १००००० | मोहन प्रसाद यादवलाई गत वर्षका चन्दन टेण्ट हाउसको विल संलग्न र खाजा विल |
| जम्मा | | ९१७००० | |

७० **गाडी भाडाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ मा भाडामा लिइने सवारी साधनको लागत अनुमान तयार गर्न सम्वन्धित सार्वजनिक निकायका प्रमुखले त्यस्ता साधन सम्वन्धि ज्ञान भएको बढीमा ३ जना दक्ष प्राविधिकको एक समिती गठन गरी उक्त समितिबाट भाडामा लिने सवारी साधनको आयू स्पेशिफिकेसन, प्रचलित वजार दर, भाडामा लिने अवधि इन्धनको मूल्य र खपत जस्ता कुराहरु विचार गरी लागत अनुमान तयार गरी नियमानुसार प्रतिस्पर्धाबाट खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालय प्रयोजनको लागि सवारी साधन प्रयोग भएको अवधिको प्रति दिन रु.३५०० का दरले हुने रकममा १० प्रतिशत वहालकर कट्टी गरी भुक्तानी दिने शर्तमा यस बर्ष पालीकाले गाडी भाडामा लिइ निम्नानुसार रु १८७४५०० भुक्तानी गरेको छ । यसरी कार्यालयले प्रयोग गर्ने गाडी भाडा भुक्तानी गर्दा नियमावलि अनुसारको लागत अनुमानको दरमा प्रतिस्प्रर्धा नगराइ सोझै लगबुक र हाजिर संलग्न नगरी सार्बजनिक बिदाको समेत भुक्तानी गरेको देखियो । गाडी

| | | |
|---|---|---|
| | उपयोगको आधारमा संझौताको दर अनुसार भाडा भुक्तानी गर्नु पर्दछ ।नियमावलि अनुसार लागत अनुमान र प्रतिस्पर्धा नगरी भुक्तानी गरेको सार्बजनिक बिदाको भाडा बिदा गणना गरी असुल हुनुपर्ने समेत खर्च अनियमित देखिएको रु. | १८७४५०० |

| गो भौ र मिति | गाडी धनी | अवधी | भुक्तानी रकम |
|---|---|---|---|
| ३५-०७६।६।३० | चन्द्रेश्वर महतो | श्रावण देखी असोज | ३८७००० |
| १६२-०७६।१०।६ | चन्द्रेश्वर महतो | कार्तिक देखी मंसिर | २१०००० |
| ९३-०७६।८।५ | बिनोद गामी | श्रावण देखी कार्तिकर गत बर्षको रु ७०००० समेत | ४९०००० |
| १५८-०७६।१०।६ | बिनोद गामी | मंसिर देखि पौष | २१०००० |
| २८४-०७७।२।७ | बिनोद गामी | माघ देखि बैसाख | ४२०००० |
| ४६६-०७७।३।३१ | बिनोद गामी | नखुलेको | १५७५०० |
| जम्मा | | | १८७४५०० |

| | | |
|---|---|---|
| ७१ | गो भौ ५९-०७६।७।६ फ्यूचर हव मिडिया मल्टी प्रपोज प्रा.लि.को विजक नम्बर २६६ मिति ०७५।८।२ को मोटर साईकल आपूर्ति सम्बन्धी सूचना प्रकाशनको फोटोकपी विल संलग्न गरी गत वर्षकोरु १०३०५६ भुक्तानी गरेकोले सक्कल बिल तथा दोहोरो भुक्तानी नभएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | १०३०५६ |
| ७२ | गो भौ ६०-०७६।७।६ अश्वीनी मिडिया एण्ड मार्केटिङ्ग प्रा.लि.को गत बर्षको २०७६।२।१० को विज्ञापन प्रकाशनको फोटोकपी विजक संलग्न गरी रु.१३५६०० भुक्तानी गरेकोले सक्कल बिल तथा दोहोरो भुक्तानी नभएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | १३५६०० |
| ७३ | ४४८-०७७।३।३१बाट स्वास्थ्य सेवा कर्मचारीहरुलाई फिल्ड भत्ता बापत रु २४३००० भुक्तानी गरेकोमा स्थानियतहमा समायोजन भएपछि फिल्ड भत्ता दिन मिल्ने प्रमाण पेश हुनुपर्ने रु | २४३००० |
| ७४ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमः स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम(संरचालन कार्यविधि) नियमावली, २०७६ वमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस मनरा शिस्वा न.पा.लाई देहाय अनुसार परियोजना संचालत गर्न रु.१ करोड ३४ लाख वजेट प्राप्त भएकोमा रु.७८ लाख ५६ हजार खर्च भई ५९ प्रतिशत वित्तिय प्रगति भएको वित्तिय प्रतिवेदन म.ले.प.फा.नं.२७५ बाट देखिन्छ ।पालिकाले भौतिक प्रगति प्रतिवेदन तयार गर्नु पर्नेमा गरेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छनः | |
| ७४.१ | क। यस सम्बन्धी म.ले.प. कार्यालयले तयार गरेको विवरण माग गर्ने अनुसूची फाराम पालिकालाई लेखापरीक्षणको क्रममा दिएकोमा विवरण भरी डोर कार्यालय समक्ष पेश नगरेबाट योजना कार्यक्रम र खर्च स्थितिको विश्लेषण गर्न सकिएन । | |
| ७४.२ | ख। स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम संचालत कार्यविधि/ नियमावली,२०७६ को बुँदा नं.६(घ) मा निर्देशक समितिले स्वीकृत गरेक आयोजना कार्यान्वयनको लागि सम्बन्धीत स्थानीय तहमा लेखी पठाउने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार देहायका ९ आयोजना लेखी आएकोमा लेखापरीक्षणलाई ३ योजनाको फाईल पेश हुन नआएकोले निर्देशक समितिबाट लेखी आएभन्दा फरक आयोजना कार्यान्वयन गरेको छ की भिडान गरी एकिन गर्न सकिएन । | |
| ७४.३ | निम्न ३ योजनाको फाईल लेखापरीक्षणमा पेश नभएकोले पेश गर्नु पर्ने रु. | ३०००००० |

| | आयोजनाको विवरण | |
|---|---|---|
| | मनरा पूर्वीटोल दुर्गा मन्दिरको धर्मशाला निर्माण वडा नं.१ | १० लाख |
| | मनरा शिस्वा मधवाको मर्दसा छत ढलान वडा नं.१० | १० लाख |
| | सकरी सामुदायिक भवन निर्माण वडा नं.१० | १० लाख |

| | | | |
|---|---|---|---|
| | | जम्मा | ३० लाख |

| | | |
|---|---|---|
| | **कृषि तर्फ** | |
| ७५ | **कृषि कार्यक्रम —**माटो परिक्षण र भकारो सुधार कार्यक्रम अन्तर्गत कृषकहरुको खेत बारीको माटो सुधारको लागी भनि गो भौ नं ९४ मिति २०७७।३।२४मा १२००० के जी कृषि चुन ईष्टवेष्ट एग्रोभेट कन्सर्नबाट खरिद गरी रु २००००० भुक्तानी दिएको तथा गोठ निर्माण गरी भकारो सुधार गर्न गो भौ नं ९३ मिति २०७७।३।२४ मा ३८ बण्डल जस्ता पाता(१७५१.४८ के जी )श्याम आईरन एण्ड टायर ट्रेडबाट खरिद गरी रु ३००००० भुक्तानी दिएकोमा लेखापरीक्षणमा बितरणको भर्पाइ पेश भएन ।कार्यालयले उक्त जिन्सी मौज्दात रहेको जनाएको छ ।बितरण हुन नसक्नाको कारण जनाएको छैन ।असारमा बजेट फ्रिज नगराउने उद्येश्यलेखरीद गरी हाल सम्म मौज्दात राखेबाट दुवै कार्यक्रमबाट लक्षित समुदाय लाभान्वित भएको देखिएन ।यसरी खरीद मात्र गरी मौज्दात राख्ने कार्यमा नियन्त्रण हुनुका साथै बितरण नगरी मौज्दात राखी बढि व्ययभार पारेको रु | ५००००० |
| | **शिक्षा तर्फ** | |
| ७६ | **शिक्षक अभिलेख** - शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७५।७६ अनुसार शिक्षा विभाग समावेशी शिक्षा शाखाबाट प्रमाणित गरी पठाएको दरबन्दी विवरणका आधारमा शिक्षकहरुको अभिलेख अद्यावधिक गरी शिक्षक एवं कर्मचारीहरुको तलब भत्ता लगायतका रकम विद्यालयगत रुपमा यकिन गरी खर्च लेख्नुपर्ने उल्लेख छ । तर पालिकाले विद्यालयगत रुपमा शिक्षकहरुको स्थायी, अस्थायी एवं राहत दरबन्दी विवरण अद्यावधिक गरको पाइएन । साथै पालिकाले यसवर्ष कुन कुन विद्यालयमा के कति शिक्षकहरुको नयाँ नियुक्ति, सरुवा, बढुवा, अवकास एवं बेतलबी बिदामा छन् सोको अद्यावधिक विवरण लेखापरीक्षणमा पेस नगरेकोले विद्यालयको तलबी माग फारामलाई नै आधार मानी तलब निकासा भिडान गरिएको छ । जसले गर्दा तलब निकासा रकम यथार्थपरक एवं दुरुस्त छ भनी आश्वस्त हुन **सकिएन** | |
| ७७ | **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं शिक्षकको संख्या निम्नानुसार रहेको देखिन्छ ।दरबन्दी अनुसारको शिक्षकको पदपूर्ति यथाशिघ गरिनु पर्दछ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | रिक्त | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री सहदेव सहनी आ वि जावख | ५ | १ | ४ | २३३ |
| २ | श्री रा आ वि भोल्ही | ५ | २ | ३ | १५८ |
| ३ | श्री जनता आ वि खुशनगरी | ३ | १ | २ | ५२ |
| ४ | श्री दुर्गा मा वि मनरा | ३० | २० | १० | १५०९ |
| ५ | श्री मा वि सहसराम | १५ | १० | ५ | ६५६ |

| | | |
|---|---|---|
| ७८ | **निःशुल्क पाठ्यपुस्तकः** पालिकाले पेश गरेको २८ विद्यालयहरुको शीर्षकगत रकम निकाशा विवरणा अनुसार निःशुल्क पाठ्यपुस्तक खरिदको लागि कूल रु.३६,९०,०००। अनुदान निकासा गरिएको छ । सार्वजनिक विद्यालयमा प्रदान गरिने निःशुल्क पाठ्यपुस्तक समयमा विद्यालयले खरिद गरी विद्यार्थीले प्राप्त गरे नगरेको, विद्यालयले प्रयोग गर्ने पाठ्यसामाग्री पाठ्यक्रम विकास केन्द्रको स्वीकृत सूचि मध्येबाट भए नभएको सम्बन्धमा कार्यालयले प्रभावकारी तवरले अनुगमन गर्नुपर्दछ | |
| ७९ | **पेश्की बाँकी —** शिक्षा संयेजक बेचु सिंहलाई कक्षा ८ को बार्षिक परीक्षा संचालन गर्न गो भा न ४२ मिति २०७६।१२।२६ मा रु १४८०००। पेश्कि रकम दिएकोमा आ व को अन्त सम्म फर्छयौट नभएकाले आर्थिक कार्यविधि नियमावलि ,२०६४ अनुसार असुल फर्छयौट गर्नु पर्ने रु | १४८००० |
| ८० | **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) :** कार्यक्रम कार्यान्वियन पुस्तिका (आ. व. २०७६।७७) मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन | |

(भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु.४००। का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु.५००। का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५। का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ ।

८१ **बढी निकासाः** आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नु पर्ने उल्लेख छ । नगरपालिकाले निम्न बिद्यालयहरुलाइ निम्नानुसार बार्षिक रु.३७०६५३। बढी निकासा खर्च लेखेको छ ।तसर्थ बढी निकासा दिएको रकम असुल गरी सङघिय राजश्व खातामा दाखिला हुनुपर्ने रु. ३७०५६३

| सि.नं. | विद्यालयको नाम | बार्षिक निकासा हुनुपर्ने | निकासा भएको | बढि निकासा रकम |
|---|---|---|---|---|
| १. | श्री भै.गु.लो.ज.मा.वि.वथनाह | ५७३०९०२ | ६०६६३१३ | ३३५४११ |
| २. | श्री मा.वि. सहसराम | ४९४०८१० | ४९४५४९५ | ४६८५ |
| ३. | श्री राधा नि.मा.वि.ईटहवा हनुमानपुर | ५३१५०२६ | ५३२५२९८ | १०२७२ |
| ४. | श्री सर्यु मुनिलाल मा.वि. सरपल्लो | ३४९०८७२ | ३५०३७१२ | १२८४० |
| ५. | श्री रा.प्रा.वि. झिंगस्थान सरपल्ला | १५७८८९० | १५८३६९० | ४८०० |
| ६. | श्री प.रा.वि.रा.प्रा.वि. | १५७३४३१ | १५७६०७६ | २६४५ |
| | जम्मा | २२६२९९३१ | २३०००५८४ | ३७०६५३ |

८२ **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार निर्माण कार्य सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । न.पा. ले यस वर्ष ८ विद्यालयहरुलाइ दुइ कोठे भवन, शैचालय, पुस्तकालय तथा प्रयोगशाला निर्माण गर्न रु.१ करोड १२ लाख ५० हजार निकाशा दिएकोमा विद्यालयले निर्माण कार्य मुल्यौंकन गरी कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु. ११२५००००

| सि न | विद्यालयके नाम | निकाशा रकम | काम |
|---|---|---|---|
| १ | श्री दुर्गा मा.वि मनरा | १६००००० | २ कोठे भवन |
| २ | श्री जनता नि .मा .वि सोनाल | १६००००० | २ कोठे भवन |
| ३ | श्री सरयु मुन्निलाल मा .वि सरपल्लो | १६००००० | २ कोठे भवन |
| ४ | श्री दारुल ओलम इस्लामिया गर्ल स्कुल कटैया | १६००००० | २ कोठे भवन |

| | | | |
|---|---|---|---|
| ५ | श्री मदरसा गासिया मदीनतुल बरकात मधवा | ७००००० | छात्रा शाचालय |
| ६ | श्री विद्यासती आधारभुत विद्यालय जाउख | ७००००० | छात्रा शाचालय |
| ७ | श्री भै .गु .लो .ज .मा .वि बथनाहा | ६५०००० | आइ सी टि |
| ८ | श्री राधा आ .वि .इटहर्वा हनुमानपुर | १५०००००० | रेक्टो फिटिग |
| ९ | मुन्सिफ मा बि साढा | ६५०००० | लाइब्रेरी आइ सि टि पुस्तकालय |
| १० | जनता मा बि चौकट्टी | ६५०००० | लाइब्रेरी आइ सि टि पुस्तकालय |
| | जम्मा | ११२५०००० | |

८३ **छात्रवृत्ति**-नेपाल सरकार शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को खण्ड २ ख को दफा ४.२ तथा अनुसुचि १२ को ६ अनुसार **IEMIS** प्रणालिमा प्रविष्ट तथ्यांकलाई सम्वन्धित विद्यालयबाट कक्षागत बिद्यार्थीहरुको यथार्थ तथ्यांकसगं सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा बिद्यालयहरुलाई आधारभुत तह कक्षा १देखि ८ सम्म अध्यनरत छात्राहरु र दलित छात्रहरुलाई रु.४००। प्रति बिद्यार्थीका दरले छात्रवृत्तिको रकम निकाशा दिनु पर्नेमा पालिकाले यस वर्ष ६ वटा बिद्यालयलाई माध्यामिक तह कक्षा ९र १० मा अध्यनरत दलित छात्रा र छात्रहरु १६६ जना समेतलाई प्रति बिद्यार्थी रु ५००। का दरले रु ८३०००। निकाशा दिएको रकम सम्वन्धित बिद्यालयबाट असुल गर्नु पर्ने रु ८३०००

| सिन | बिद्यालयको नाम | कक्षा ९ र १० का बिद्यार्थी सख्या | रकम |
|---|---|---|---|
| १ | श्री दुर्गा मा बि मनरा | ८६ | ४३००० |
| २ | श्री मुन्सीफ मा वि साढा | ११ | ५५०० |
| ३ | श्री जनता मा वि कटैया | ९ | ४५०० |
| ४ | श्री सरयु मुन्तीलाल मा वि सरपल्लो | ३२ | १६००० |
| ५ | श्री भै गु लो ज मा वि बथनाहा | २२ | ११००० |
| ६ | श्री जनता नि मा वि सोनोल | ६ | ३००० |
| | | | ८३००० |

८४ **छात्रवृत्तिको भरपाई**- नगरपालीका क्षेत्रभित्रका २८ मध्ये २६ बिद्यालयका आधारभुत तहमा अध्यनरत छात्राहरु र दलित छात्रहरुलाई छात्रवृत्ति बापतको रु २१६२१००। निकाशा खर्च लेखेकोमा सो रकम बिद्यालयहरुले सम्वन्धित बिद्यार्थीहरुलाई वितरण गरेको भरपाई पेश गर्नु पर्ने रु २१६२१००

८५ **शिक्षा सर्शत अनुदान खर्चः** पालिका अन्तगर्त बाल विकास केन्द्र १, माध्यमिक विद्यालय ५, आधारभूत (१-८) विद्यालय १८ वटा र मदरसा ४ वटा मध्ये ३ संचालनमा रहेको गरी जम्मा २७ वटा संचालनमा रहेको विद्यालयहरुलाई यस वर्ष आधारभूत तहसम्मका लागि रु.५,३३,०७,१४०। माध्यमिक तहसम्मको लागि रु.१,३६,६८,७४८। विद्यालय क्षेत्र विकास कार्यक्रम जिल्लास्तरको लागि रु.४,२२,३८,३५५। गरी कूल खर्च रु.१०,९२,३२१८८ खर्च भएको वित्तिय प्रतिवेदन ( म.ले.प.फा.नं.२७५) र आर्थिक बिबरणबाट देखिएकोमा पालिकाले तयार गरेको लेखापरीक्षणमा पेश भएको उक्त विद्यालयहरुको शीर्षकगत निकाशा खातामा दरबन्दी र बिबरण सहितको कुल निकासा खर्च रु.१०,६१,४३,८५६ मात्र भइ रु.३०,७०,३८७। फरक देखिएको छ ।पालिकाले खर्च लेखि विद्यालयहरुको खातामा निकासा दिएको भन्दा बढी खर्च देखिनुको कारण छानवीन गरी बढि गएको अनुदान र तलवभत्ता असुल गर्नुपर्नै रु. **३०८८३३२**

| क.सं. | विद्यालयको नाम | खाता नं. | कुल निकासा | प्रत्येक विद्यालयलाई पठाएको शीर्षकहरु |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | श्री दुर्गा मा.वि. मनरा | ८४११०००८३९ | १३८२५८९८ | नन सेलरी |
| २. | श्री नेपाल राष्ट्रिय आ.वि.मनरा | ८४११०००७६१ | १९६७०४६ | कक्षा १ अंग्रेजी सिकाई अनुदान |
| ३. | श्री राधा आ.वि. ईटहर्वा हनुमानपुर | ८४११०००९५२ | ७८९६३२६ | पाठ्यपुस्तक शतप्रतिशत |
| ४. | श्री राष्ट्रिय आ.वि. भोल्ही | ८४११०००८४६ | १५१२८५१ | उ.मा.वि. पाठ्यपुस्तक, नन सेलरी |
| ५. | श्री ने.रा.कु.आ.वि. मनरा कट्टी | ८४११०००८७७ | ४७९३९३५ | विद्यालय संचालन मसलन्द |
| ६. | श्री जनता आ.वि. मनोगीकुट्टी साँढा | ८४११००१००५ | १२३०५४१ | दिवाखाजा प्रथम दोश्रो र तेश्रो |
| ७. | श्री मुन्सीफ मा.वि. साँढा | ८४११०००९२१ | १०५६७९१७ | लाईब्रेरी आईसिटी अनुदान |
| ८. | श्री प.रा.वि.रा.प्रा.वि. साँढा | ८४११००१०१४ | २०००९८८ | विद्यालय सुधार |
| ९. | श्री विद्यासती आ.वि. जाउख | ८४११०००८१५ | ३६६८६३३ | वालविकास मसलन्द |
| १०. | श्री माध्यमिक विद्यालय सहसराम | ८४११०००९९० | ६४६२०५५ | बालविकास प्रोत्साहन |
| ११. | श्री जनता मा.वि. कटैया चौरिया चौकट्टी | ८४११०००८०८ | ८३७१४६२ | प्रति विद्यार्थी लागत अनुदान |
| १२. | श्री जनएकता आ.वि. सोनकट्टी | ८४११०००९३८ | ५१७११० | आधारभूत तह छात्र छात्रा छात्रवृद्धि |
| १३. | श्री चुल्हाई माया प्रा.वि. सरपल्लो | ८४११०००८६० | २६५९०५६ | आधारभूत शिक्षक, बालविकास, सहयोगी विद्यालय सहायक र पोशाक, मा.वि. निकाशा |
| १४. | श्री सरयु मुन्नीलाल मा.वि. सरपल्लो | ८४११००१०८७ | ६७२५६६९ | आधारभूत, मा.वि. निकासा प्रथम,दोश्रो र तेश्रो |
| १५. | श्री राष्ट्रिय आ.वि. झिंगास्थान | ८४११०००९४५ | २३०३६९३ | मा.वि.छात्र छात्रा छात्रवृत्ति |
| १६. | श्री जनता आ.वि. खुसनगरी | ८४११००११११ | ९३९८५७ | दुई कोठे भवन, शौचालय र रेक्टीफिटीङ्ग |
| १७. | श्री सहदेव सहनी आ.वि. जाउख | ८४११०००९६९ | १२९०३३३ | स.आ.रि.त.व्य. तथा वुलेटिन । |

| | | | | |
|---|---|---|---|---|
| १८. | श्री भै.गु.लो. ज.मा.वि. बथनाहा | ८४११०००९१४ | ८२६३६०० | |
| १९. | श्री रा.ज.प्रा.वि. मरुवाही | ८४११०००८८४ | २४८२६७९ | |
| २०. | श्री हनुमानदत्त विश्वनाथ ज.स. प्रा.वि. मध | ८४११००१०५० | २००९६८७ | |
| २१. | श्री नेपाल रा.ज. प्रा.वि. सकरी | ८४११०००८९१ | ३१७०४४७ | |
| २२. | श्री नेपाल रा.आ.वि.बथनाहा मुसहरीटोल | ८४११००१०२३ | १६५०८४० | |
| २३. | श्री जनता नि.मा.वि. सोनौल | ८४११०००८५३ | ६८१९०९५ | |
| २४. | श्री मिथिला बालविकास केन्द्र साँढा | ८४११००१०३२ | ११६००० | |
| २५. | श्री मदरसा गौसिया मदीनतुल बरकात मधवा | ८४११०००९७६ | १२४३१६३ | |
| २६. | श्री मदरसा मझरुल ओलूम सिस्वा कटैया | ८४११००१६६१ | ११८८८१४ | |
| २७. | श्री दारुल ओलम ईस्लामिया जले स्कुल कटैया | ८४११०००७७ | २४६६१६१ | |
| २८. | श्री मदरसा फैजुल कुरान सादा जाउख | ८४११०००९८३ | ० | |
| | जम्मा | | १०६१४३८५६ | |

बैंक नगदी किताब अनुसार निम्न गोश्वारा भौचरबाट विद्यालयलाई निकासा भएको विवरण निम्नानुसार छ ।

| गो.भा.नं. | विवरण | निकासा रकम |
|---|---|---|
| २-०७६।६।१५ | प्रथम चौमासिक निकासा | २५७१८४९३ |
| ३१,३२ र ३३ -०७६।११।६ | दोश्रो चौमासिक निकासा | २१६७२६९० |
| ५०,५८,६२,१०८ | तेश्रो चौमासिक निकासा पोशाक समेत | २४८४७५०७ |
| ९,११,२७ | दिवाखाजा | ९३६१७९८ |
| ७०,८६र ९१ | सिकाई केन्द्र अनुदान | ३००००० |
| ३९,५९,६७,१०३र १०४ | विभिन्न अनुदान | १८१९७३७८ |
| ५८-०७७।२।६ | दुई कोठे भवन र शौचालय निर्माण | ७८००००० |
| १०९-०७७।३।२८ | पाठ्यपुस्तक | १३३४३२२ |
| | जम्मा | १०९२३२१८८ |

**स्वास्थ्य तर्फ**

८६ **औषधी खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकाले उक्त प्रक्रिया वेगर रु.२५३४३१५। को औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

| | | |
|---|---|---|
| ८६.१ | खरिद गरेका उक्त औषधी कुन औषधी कम्पन्नीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, | |
| ८६.२ | आपूर्ति हुने औषधी डब्लु.एच. ओ सटीफाईड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धीत विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होईनभनि खुलाएको प्रमाण समावेश नभएको, | |
| ८६.३ | आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ८६.४ | औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| ८६.५ | औषधीको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको | |
| | तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरीएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ८७ | **स्यानिटरी प्याड—** माध्यामिक तहमा अध्यनरत बिद्यालयका किशोर किशोरीहरुलाई वितरण गर्न १९४७० प्याकेट स्यानिटरी प्याड रु १२६८७४१ मा मिति २०७७।३।२४ भौ न ९६ र २०७७।३।३१ भौ न १२२ बाट खर्च लेखि लव मेडिकल हल बाट खरिद गरेकोमा लेखापरीक्षण अवधि सम्म माध्यामिक बिद्यालयहरुलाई हस्तान्तरण गरेको प्रमाण पेश नभएको रु | १२६८७४१ |
| ८८ | **प्रधानमन्त्रीरोजगारकार्यक्रम-** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रमकालागी यसबर्ष रु ४८२१२० निकासा भइ रोजगार संयोजकको तलबमा मात्र खर्च भएको देखियो । पालीका भित्रका वडाहरुमा निर्माणकार्य लगायतका कार्यक्रम सञ्चालन र रोजगारी उपलव्ध नगराइ तलबमा मात्र खर्च गरेको उचित देखिदैन । | |
| ८९ | **सुरक्षीत नागरिक आवास योजना** - पराल तथा खरको छाना भएको घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरि नागरिक आवास निर्माण कार्यक्रम संचालन गर्न यस वर्ष ७६ जना लाभग्राहिलाई ६० प्रतिशतले प्रति लाभग्राहि रु ३० हजारको दरले रु २२ लाख ८०हजार बैंक खातामा जम्मागरि खर्च लेखेको छ । सुरक्षित नागरिक आवास निर्माण सम्वन्धि कार्यविधि ,२०७५ को दफा ५ अनुसार रकम प्राप्त गरेका लाभग्राहिहरुले सो रकमबाट जस्तापाता र सहुलियत दरको काठ लगागतको सामाग्री खरिद गरि निर्माण कार्य अघि बढाउनु पर्ने , दफा ६ अनुसार पहिलो किस्ताबाट प्राप्त अनुदानको निर्माण कार्य सम्पन्न गरि प्राविधिक प्रतिवेदन प्राप्त भएपछि दोश्रो तथा अन्तिम किस्ता बापत ४० प्रतिशत रकम पाउने व्यवस्था भएकोमा लाभग्राहीले यस बर्ष सम्झौता अनुसारको प्रथम किस्तामात्र भुक्तानी लिएको देखियो । सो कार्य भए नभएको अनुगमन र प्राविधिक प्रर्तिवेदन तयार गरी दोस्रो किस्ताको ४० प्रतिशत दिनु पर्नेमा लेखापरीक्षण अबधि सम्म कार्यालयबाट अनुगमन तथा प्राविधिक प्रर्तिवेदन तयार गरेको देखिएन। सम्झौता अनुसारको कार्य भए नभएको अनुगमन गरी कार्य नभएको भए उक्त रकम असुल गरी संघिय राजश्व दाखिला गर्नुपर्ने रु | २२८०००० |
| | **संघिय रकार पुजीगत** | |
| ९० | **स्यालो टयुवेल —** ठेक्का न **Mun/Man//MOH/NCB/STW 01/076/77**आशिष कन्स्टक्सनको भ्याट सहित रु ४६४५६२४। कवोल अंकमा वडा न १ देखि ७ सम्म ४५ वटा विभिन्न व्यत्तिको घरमा स्यालो टयुवेल जडान गरेको भनि रु ४६४५६२४। खर्च लेखेकोमा सम्वन्धित व्यत्तिहरुले स्यालो टयुवेल जडानको सामान बुझेको र निर्माण सम्पन्न गरेको प्रमाण पेश गर्नु पर्ने रु | ४६४५६२४ |
| | प्रदेश सरकार पुजीगत तर्फ | |
| ९१ | **कार्यक्रम—**वडा न ५ शिसवा कटैयामा पक्की कुलो निर्माण गर्न रु ६५ लाख, वडा ८ मा धर्मशाला तथा कम्पाउण्डवाल निर्माण गर्न रु २५ लाख, र वडा ९ मा रामजानकी एवं शिव मिन्दर निर्माण गर्न रु १० लाख | |

गरी कूल १ करोड विनियेजन भएकोमा उपभोक्ता समिति मार्फत रु ९९लाख ४४ हजार खर्च भई ९९ प्रतिशत वित्तिय प्रगति भएकोमा निम्नानुसार देखियो ।।

९१.१ **दररेट** —पालिकाले तयार गरेको दररेट विश्लेषण संग वडा न ५ को पक्की कुलो निर्माण कार्यको लागत अनुमानको दररेट भिडान गर्दा दररेट विश्लेषणमा उल्लेख गरेको भन्दा बढी दररेट राखी लागत अनुमान तयार गरेको देखियो ।उक्त उपभोक्ता समितिलाइ मुल्यांकन रु ७०८०५५९ मा श्रमदान कट्टी गरी रु६३६९९९ भुक्तानी गर्दा बढि मुल्यांकन भएको रु १५६७१५। को समानुपातिक हिसावले बढी भुक्तानी भएको असुल हुनुपर्नेरु — १४०९८८

| कामको विवरण | ल ई को दररेट | दररेट विश्लेषणको रेट | फरक | कामको परिमाण | बढी मुल्यांकन रकम |
|---|---|---|---|---|---|
| एम २०पि सि सि कार्य १:१ :५ : ३ | १४२४३ | १३४५२ | ७९१ | ४५.२८ | ३५८१६ |
| बिक म्यासोनरी काम १: ४ अनुपात | १५४७१ | १४५७३ | ८९८ | ५४.७० | ४९१२० |
| बिक म्यासोनरी काम १: ४ अनुपात | १५४७१ | १४५७३ | ८९८ | २८.०७ | २५२०६ |
| एम २०पि सि सि कार्य १:१ :५ : ३ | १४२४३ | १३४५२ | ७९१ | १०.४५ | ८२६५ |
| एम २०पि सि सि कार्य १:१ :५ : ३ | १४२४३ | १३४५२ | ७९१ | ४८.४३ | ३८३०८ |
| जम्मा | | | | | १५६७१५ |

**प्रकोप व्यवस्थापन कोषतर्फः**

९२ **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

९२.१ **कार्य योजना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

९२.२ **विपद् व्यवस्थापन कोष** — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाको प्रकोप ब्यबस्थापन कोषमा सङघिय सरकारबाट रु १९२३२५ प्रदेश सरकारबाट रु १०००००० पालीकाले समानिकरण र राजस्व बाडफाडबाट गरी कुल यो वर्षको रु. २४००४३२५ आम्दानी र रु.२२९५२५७८ खर्च भइ बाँकी रु.१०५१७४७ देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम कोष खडा गरेको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

९२.३ **वार्षिक प्रतिवेदन** — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला

विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

९२.४ **जिन्सी मालसामानको लेखांकन** खरिद गरेका मालसामानहरुको अभिलेख खर्च भएर नजाने खाता( म.ले.प.फा.नं.४०८ साविक४७) र खर्च भएर जाने म.ले.प.फा.नं.५२मा मालसामानको दाखिला, हस्तान्तरण नम्बर, स्पेसिफिकेशन, सामानको प्राप्तीको श्रोत र भ्याट सहितको परल मूल्य लगायतका विवरण खुलाएर लेखा अभिलेख राख्नु पर्नेमा राखेको देखिएन ।

९२.५ **पेश्कि बाँकी —**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ अनुसार कोरोना भाईरस (Covid-19)को महामारीबाट प्रभावित नागरिकहरुलाई राहात वितरण गर्न १० वटै वडा सचिवहरुलाई रु २ करोड ८ लाख ८६ हजार पेश्कि दिइएको मध्ये देहायका वडा सचिवहरुले आ व को अन्तसम्म फर्छ्यैट नगरेकोले नियमानुसार असुल फर्छ्यैट गर्नु पर्ने रु १५०७४०००

| सि न | मिति | पेश्कि लिने पदाधिकारि | वडा | लगत संख्या | पेश्कि रकम |
|---|---|---|---|---|---|
| १ | ५।०७७।१।१० | मोहन प्रसाद यादव | १ | १६४४ | ३२८८००० |
| २ | ७।०७७।१।१० | मोहन प्रसाद यादव | ३ | १०३८ | २०७६००० |
| ३ | १०।०७७।१।१० | राम कृपाल महतो | ६ | — | २४०६००० |
| ४ | ११।०७७।१।१० | रामहित साह | ७ | — | १७४८००० |
| ५ | १२।०७७।१।१० | मणीकान्त लाल कर्ण | ८ | — | १४१६००० |
| | ६।०७७।१।१० | नागेन्द्र यादव | २ | १३०५ | २६१०००० |
| ६ | १३।०७७।१।१० | धर्मेन्द्र कुमार लाल | ९ | ७६५ | १५३०००० |
| **कुल जम्मा** | | | | | **१५०७४०००** |

९२.६ **विपद व्यवस्थापन कोषः** पालिकाले नगर प्रमुखको मिति २०७६।१२।१४ मा बसेको कार्यपालिकाको बैठकको निर्णयअनुसार कोरोना भाईरस संक्रमण रोकथाम तथा राहत वितरण गर्न चालु खाताको शिर्षकबाट रकमान्तर गरी रु.२ करोड ३४ लाख ८८ हजार, प्रदेश सरकारबाट १५ लाख र संघबाट ९२ हजार गरी विपद व्यवस्थापन कोष खातामा कूल रु.२ करोड ५० लाख ८० हजार रकम जम्मा गरेकोमा आषाढ मसान्त सम्म रु.२ करोड ५० लाख ७७ हजार खर्च गरी रु.२८८५। मौज्दात रहेको श्रेस्ताको परीक्षण गर्दा निम्नानुसार खर्च भएको देखिन्छ ।

९२.७ **क.राहत वितरणः** कोरोना संक्रमणको कारण रोजगार गुमाएका दैनिक गुजारा गर्ने विपन्न नागरिकहरुलाई ३० के.जी. चामल,३ के.जि. दाल, २ के.जि. नून र २ लिटर तेलको दरले राहत प्याकेज १० वटै वडामा वितरण गर्न वडा सचिवहरुलाई न्यूनतम १५ लाख ३० हजार देखि अधिकतम ३२ लाख ३८ हजारसम्मको दरले पेश्की वापत रु.२ करोड ८ लाख ८६ हजार दिएकोमा आषाढ मसान्त सम्म राहत प्याकेज वितरण गरी वडा सचिव ४,५ र १० ले रु.५८ लाख १२ हजारको पेश्की फछ्र्यौट गरेका र वडा सचिव १,२,३,६,७,८ र ९ को रु.१ करोड ५० लाख ७४ हजार फछ्र्यौट गर्न बाँकी देखिएकोमा लेखापरीक्षणबाट पेश्की बेरुजु कायम गरिएको छ ।

९२.८ **ख. क्वारेन्टाईन संचालनः** विदेशबाट आएका र कोरोनाबाट संक्रमित भएकाहरुलाई राख्न पालिका अन्तगर्त रहेका विद्यालय भवन, धर्मशाला र वडा कार्यालयको भवनमा गरी ९ स्थानमा क्वारेन्टाईन केन्द्र स्थापना गरेकोमा ४५१ जना संक्रमित बसोबास गरेका मध्ये RDT र PCR परीक्षण ३८ जनाको पोजेटिभ नतिजा देखिएको तथा वडा नं.१० लगायत भारतसंगको सिमा नाकामा हेल्प डेस्क संचालन गरेको, पालिकाकै तर्फबाट मास्क, साबुन, विछ्यौना, दन्तमन्जन, चपल, टावयल, डस्टविन, औषधी उपकरण र किट र खाना लगायतका व्यवस्थापकीय कार्य गर्दा रु.४१ लाख ९१ हजार निम्न शिर्षकहरुमा खर्च गरेको देखिन्छ ।

| सि.नं. | विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|
| १. | क्वारेन्टाईन व्यवस्थापन | ६०००२५ | ९ वटा क्वारेन्टाईन व्यवस्थापन गर्न |

| | | | |
|---|---|---|---|
| | खर्च | | बेड विछ्यौना,लजेष्टिक सर्पोट र निर्माण समाग्री ऋषभ जेनरल लगाययत विभिन्न फर्मबाट खरिद वापत खर्च । |
| २. | खाजा खाना नास्ता चिया खर्च | ९३९५०० | ९ वटा क्वारेन्टाईनमा बस्ने,खटिने कर्मचारी सुरक्षाकर्मी र पालिकाको बैठक लगायतमा भएको खर्च । |
| ३. | हेल्प डेस्क व्यवस्थापन खर्च | २५९००० | भारतसंगको सिमानाका भएका वडा १० मा हेल्प डेस्कमा खटिएका कर्मचारी र सुरक्षाकर्मीहरुको व्यवस्थापन तथा खाना खर्च । |
| ४. | साबुन खरिद | ४८०३२० | रोयल डेकोर लगायत विभिन्न फर्मबाट डिटोल साबुन १०३३५ ग्मेटा खरिद गरेवापत खर्च । |
| ५. | फेश शिल्ड गुगल्स र स्थानीटाईज खरिद | ४३२५८५ | विभिन्न फर्महरुबाट ८३ थान फेश शिल्ड र स्थानीटाईजर जेल खरिद खर्च । |
| ६. | मास्क खरिद | ६२१५०० | शुभ लक्ष्मी र कृष्ण कन्स्ट्रक्सन जेनरल सप्लायर्सबाट साधारण मास्क २२००० वटा खरिद खर्च । |
| ७. | स्प्रेगन हेभी डिउटी, पावर स्प्रे फोर स्टोक ७.५ हर्ष पावर हेभी डिउटी पावर स्प्रे फोर स्टोक न्यू मोडल १/१ थान खरिद | ४७७९९० | जनकपुर जनसेवा सप्लायर्सबाट किटनाशक औषधी, कोलोरीन लगायत छर्न तिन किसिमको १/१ थान खरिद वापत खर्च । |
| ८. | पारिश्रमिक खर्च | ३५३५१ | विद्यालय,धर्मशालाबाट क्वारेन्टाईनमा खटिएका, सरसफाई गरे वापतका ती संस्थाका ७ जनालाई पारिश्रमिक दिए वापत खर्च । |
| ९. | जोखिम भत्ता खर्च | ३४४८४४ | १२ जना स्वास्थ्यकर्मीहरुलाई चैत्र ११ देखि बैशाख मसान्त सम्म ५१ दिनको शुरु तलबको ५० प्रतिशतका दरले जोखिम भत्ता वापत खर्च । |
| १०. | राहत वितरण पेश्की खर्च | २०८८६००० | दाल, चामल, नून, र तेल खरिद गरी राहत वितरण गर्न १० वटै वडा सचिवहरुलाई पेश्की दिए वापत खर्च |
| ११. | कोष मौज्दात | २८८५ | - |
| | जम्मा | २५०८०००० | |

**ब.उ.शि.नं ३६५०१५३ (सामाजिक सुरक्षा कार्यक्रमतर्फ)**

९३ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २३ मा सामाजिक सुरक्षा भत्ता अनलाइनमा आधारित ब्यबस्थापन सुचना प्रणालिमा नाम भएका लाभग्राहीको व्यक्तिगत नाममा खोलिएको बैंक खातामा कार्यालयले रकम जम्मा गरी दिनुपर्ने व्यवस्था छ । नगरपालिका कार्यालयले लाभग्राहीको नाममा बैंक खाता खोली बैंक मार्फत सामाजिक सुरक्षा भत्ता खातामा नै पठाउनु पर्नेमा यस बर्ष पनि १० वटा वडामा व्यक्ति

| | | |
|---|---|---|
| | व्यक्तिलाई नगद वितरण गर्न वडा सचिवको नाममा रु ६५८८०६०० पेश्की दिएकोमा अर्थिक बर्षको अन्त्य सम्म कार्यालयले बितरण गरेकोभरपाइ र बाकी नगद बैङक दाखिला नगराइ भर्पाइको आधारमा मात्र रु ६१०२६२०० पेश्कि फछ्यौटगरी रु ४८५४४००बाँकी देखाएको छ । सामाजिक सुरक्षा भत्ता घरघरमा गई वितरण गर्दा समय बढी लाग्ने , नगद हिनामिना हुन सक्ने र नगद बित्तरण जोखिमपुर्ण हुने भएकोले सामाजिक सुरक्षा भत्ता बैंकमार्फत वितरण गर्नुका साथै उक्त पेश्की रकम अबिलम्ब फछ्यौट गर्नु पर्नेमा भरपाइ बाहेकको वडा नं ६ का वडा सचिव राम कृपाल महतो र वडा नं ७ का वडा सचिव रामहित साहले क्रमशः रु.१७५१०००। र रु.२०३५८००।गरी कुल रु ३७८६८०० व्यक्तिगत रुपमा राखेकोमा लेखापरिक्षणको अवधि २०७७।९।९ मा क्रमशः रा बा बैक भौ नं १७३९७३६१ र भौ नं १७३९७५७५बाट बेरुजु शिर्षक १५१११ मा दाखिला गरेको भौचर पेश भएको छ ।आर्थिक बर्षभित्र फछ्यौट गर्नुपर्ने पेश्की रकम फछ्यौट नगरी नगद राखेकोमा बार्षिक १० प्रतिशतका दरले ब्याज समेतदाखिला गर्नुपर्नेमा दाखिला नगरेकोले श्रावण देखी मंसिर ९ सम्मको रु १६७११७ असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु | १६७११७ |
| ९३.१ | **पेश्की बाकी** -कार्यालयले देखाएको पेश्की बाकीको फाटबारी अनुसार पेश्को रु ४८५४४०० र को ले नि का बाट प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिबेदनमा प्रथम किस्ताको बैंकमा गएको रु ४२५२४८०० समेत रु१०८४०५४०० पेश्की बाकि देखिन्छ ।बैंक बाहेक वडा सचिवको नाममा दोस्रो र तेस्रो किस्ताको पेश्को रु ६५८८०६०० मा पालिकाले फाटबारी पेश नभएको रु ४८५४४०० बाहेक रु ६१०२६२००असारमा नै मेनुयल भौचरबाट पेश्की फछ्यौट गरि पेश्की बाकीको बिबरण तयार गरेको र को ले नि का ले सुत्रमा भौचर नउठाएको कारण सबै पेश्की कायम गरेको कार्यालयले जनाएको छ । फाटबारी पेश नभएको पेश्की रु ४८५४४०० मध्ये लेखापरिक्षणको क्रममा असुल भएको रु ३७८६८०० घटाउदा बाकी हुने निम्नानुसारको रु १०६७६०० हाल सम्म पनि दाखिला नभएकोले अबिलम्ब बार्षिक १० प्रतिशतका दरले ब्याज समेत गणना गरी असुल हुनुपर्ने रु | ११२१५७१ |

| पेश्की लिनेको नाम | पेश्की बाकी रकम | लेखापरिक्षण अवधी २०७७।१०।२सम्म को ब्याज | जम्मा |
|---|---|---|---|
| मणिकान्त लाल कर्ण | २१२०० | १०७१ | २२२७१ |
| धर्मेन्द्र कुमार लाल | ५०८८०० | २५७२२ | ५३४५२२ |
| मोहन प्रसाद यादब | ५३७६०० | २७१७८ | ५६४७७८ |
| जम्मा | १०६७६०० | ५३९७१ | ११२१५७१ |
| | | | |

| | | |
|---|---|---|
| ९३.२ | को ले नि का ले देखाएको निम्नानुसारको पेश्को मध्ये लेखापरिक्षण योजना अनुसार वडा नं २ र ७ को बाहेक अन्य पेश्कीको फाटबारी परिक्षण गरिएको छैन ।पालिकाले आन्तरीक लेखापरिक्षणमा देखाएको पेश्की रु १०८४०५४०० मध्ये फाटबारी पेश नभएको रु ४८५४४०० बाहेक सचिवको नामको रु ६१०२६२०० र बैंक पठएको रु ४२५२४८०० फछ्यौट गरेको छ । | |

| वडा सचिवको नाम | को ले नि का ले देखाएको पेश्की | बैंकमा गएको | बांकी | नगद दाखिला | परिक्षण नगरेको फाटबारीको रकम |
|---|---|---|---|---|---|
| वडा नं १ मोहन प्रसाद यादव | १४११८८०० | ५६७२८०० | ८४४६००० | ० | ८४४६००० |
| वडा नं ३ मोहन प्रसाद यादव | ८३३९२०० | ३४७४४०० | ४८६४८०० | ० | ४८६४८०० |

| | | | | | |
|---|---|---|---|---|---|
| वडा नं २ नागेन्द्र यादव | १५७९६८०० | ५८९६८०० | ९९००००० | ३३४००००ले प अगाडी नै दाखिला | ९५६६०००परीक्षण गरेको |
| वडा नं ४ संजिव कुमार सिंह | १२६७७६०० | ४८९६००० | ७७८१६०० | ० | ७७८१६०० |
| वडा नं ५ उमेश कुमार राय | ७०२४८०० | २७०३२०० | ४३२१६०० | ० | ४३२१६०० |
| वडा नं६ राम कृपाल महतो | १३६५२६०० | ५७८८००० | ७८६४६०० | १७५१००० | ६११३६०० |
| वडा नं७ रामहित साह | १०६४२४०० | ४०३२००० | ६६१०४०० | २०३५८०० | ४५७४६००परीक्षण गरेको |
| वडा नं८ मणिकान्त लाल कर्ण | ७७४९६०० | ३०६७२०० | ४६८२४०० | ० | ४६८२४०० |
| वडा नं९ धर्मेन्द्र कुमार लाल | ८४००४०० | ३२०९६०० | ५१९०८०० | ० | ५१९०८०० |
| वडा नं १० उमेश कुमार पाण्डेय | १०००३२०० | ३७८४८०० | ६२१८४०० | ० | ६२१८४०० |
| जम्मा | १०८४०५४०० | ४२५२४८०० | ६५८८०६०० | ४१२०८०० | ४७६१९२०० |

**९३.३** महालेखापरिक्षकको कार्यालयको स्विकृत बार्षिक लेखापरीक्षण योजना अनुसार निकासाको आधारमा बढि निकासा भएका पहिलो र पाचौ नम्बरको वडा नं २ र ७ परीक्षण गर्दा निम्नानुसार एकै ब्यक्तिलाई सामाजिक सुरक्षा भत्ता दोहोरो वितरण गरेको देखिएकोले रकम असुलउपर गर्नुपर्ने रु. — ६००००

| क.सं. | लाभग्राहीको नाम | न.पा.नं. | दोश्रो र तेश्रो भुक्तानी | दोहोरो रकम |
|---|---|---|---|---|
| १. | अमिन नदाफ | ८३४९१९२४ | ४८००० | २४००० |
| २. | अच्छेलाल सहनी | ८३४९२६५८ | ४८००० | २४००० |
| ३. | मरनी देवी | ०४६/२/११,३२ | ३६००० | १२००० |
| जम्मा | | | | ६००००.०० |

**९३.४** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को दफा १९ मा तोकिएको शर्त पूरा भएका व्यवस्थापकीय सूचना प्रणालीमा दर्ता गराएको लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता दिने र दफा २१ मा लाभग्राहीको बिबरण एम आइ एस मा प्रबिष्ट नभइ सामाजिक सुरक्षा भत्ता बापतको रकम निकासा प्राप्त नहुने व्यवस्था रहेको छ । पालिकाले प्रथम किस्ता बैंकमार्फत र दोश्रो र तेश्रो दुवै एकै पटक नगद वितरण गरेको देखियो । वडा नं ७ ले व्यवस्थापकीय सूचना प्रणालीमा बिधवा बाहेक अन्यको दर्ता गरेता पनि नमुना छनौटमा परिक्षण गर्दा व्यवस्थापकीय सूचना प्रणालीमा नाम नभएका निम्न ब्यक्तिहरुलाइ बैंक मार्फत र मेनुयल समेत रु ३४२८००० वितरण गरेको देखिएकाले कार्यालयले छानविन गरी ति ब्यक्तिहरु बास्तबिक लाभग्राही हुन होइनन् एकिन गरी नपाउने भत्ता रकम असुलउपर गर्नुपर्ने रु — ३४२८०००

| क.सं. | लाभग्राहीको नाम | रकम | बिबरण |
|---|---|---|---|
| १. | चुल्हाई महरा(जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| २. | चेथरु सहनी (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो |

| | | | |
|---|---|---|---|
| | | | किस्ता |
| ३ | लालो ठाकुर (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| ४. | राम कली देवी(जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| ५. | मरनी देवी (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| ६. | असर्फि कुम्हार (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| ७. | जितनी देवी (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| ८. | चिनिया देवी (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| ९. | अच्छेलाल सहनी (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| १०. | दर्दी खातुन (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| ११. | संजोगीय देवी (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| १२. | राम प्रगास साह (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| १३. | जलधार महत्तो (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| १४. | मनटुटिय देवी (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| १५. | जयलाल कुम्हाल (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| १६. | सुखर सहनी (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| १७. | सखिया देवी (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| १८. | मोहित महत्तो (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| १९. | सुनर साह तेली (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| २०. | अमिन नदाफ (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| २१. | अनरीया देवी (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| २२. | लक्ष्मण साहकानु (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |

| | | | |
|---|---|---|---|
| २३. | वासो देवी (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| २४. | राज किशोर साह (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| २५. | पलट महत्तो (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| २६. | परीक्षण सहनी (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| २७. | शनिचरी देवी (जे.ना.) | ३६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| २८ | कलादेबी बैठा समेत १४९ जना बिधवा | २४५६००० | जेष्ठ प्रथम दोस्रो र तेस्रो किस्ता |
| | जम्मा | ३४२८००० | |

| | | |
|---|---|---|
| ९३.५ | लेखापरीक्षण योजना अनुसार नमुना परीक्षण गर्दा उपरोक्तानुसारको कैफियत देखिएकोले कार्यालयबाट यस बर्ष निकासा भइ खर्च लेखेको रु १०६५८२८०० मध्ये असुल भएको रु ४१२०८०० र पेश्की बाकी रु १०६७६०० घटाउदा हुने रु १०१३९४४०० बास्तबिक लाभग्राहीले पाए नपाएको सम्बन्धमा छानबिन गरी एकिन गर्नुगर्ने देखिन्छ । | |
| ९३.६ | **पारदर्शिताः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३३(घ) बमोजिम पारदर्शिता प्रवद्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भए पनि पालिकाले आफ्नो वेभसाइटमा राखेको देखिएन । | |
| ९३.७ | **लगत कट्टा** ः- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ बमोजिम स्थानीय तहको वडाका सचिव वा निजले तोकेको जिम्मेवार पदाधिकारीले लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विहे गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, एक आ.व. को बैंकबाट वितरण भएकोमा लगातार १ वर्ष सम्म खाता निस्क्रीय भएमा, एक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा र अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नु पर्ने व्यवस्था छ । नगरपालिकबाट आ.व. २०७६।७७ मा लाभग्राहिको लगटकट्टा गरेको विवरण पेश भएको छैन । जसबाट वास्तविक लाभग्राहीको संख्या एकिन गर्न सकिएन । | |
| ९३.८ | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन। | |
| ९३.९ | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ । | |
| ९३.१० | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २५(क) बमोजिम बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नं. र जम्मा भएको रकम सहितको विवरण चौमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विद्युतीय माध्यममा अनिवार्य रुपमा पठाउनुपर्नेमा यो आ.व.मा प्रथम किस्ताको रु ४२५२४८०० बैंक मार्फतबितरण भएकोमा सो अनुसारको बिबरण पेश गरेको पाइएन । | |
| ९३.११ | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्यात्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी | |

प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

९३.१२ **फरक फरक खर्च प्रबिष्टी** -कार्यालयबाट पेश भएको सामाजिक सुरक्षाको आर्थिक बिबरणमा कुल खर्च रु १०६५८२८००र सुत्रबाट तयार भएको म ले प फा नं २७५ मा रु १०७७३४००० बैंक नगदी किताबमा ब्याक्तिगत पेश्की दिएको रु ६५८८०६००र बैंकमा पठाएको रु ४२५२४८०० गरी रु १०८४०५४०० देखिन्छ ।कार्यालयले खर्च लेखेको र आर्थिक बिबरणमा फरक रु १८२२६००को सम्बन्धमा एकिन हुनु पर्दछ ।

९३.१३ **बिगत बर्षको पेश्की बाकीः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०७५ बमोजिम भत्ता बितरण गर्न लिएको पेश्की कार्यबिधिले तोकेको अबधिभित्र फछ्यौट गरि सक्नुपर्नेमा कार्यालयबाट २०७६।७७ सम्मको पेश्किको एकिकृत बिबरण माग गरेकोमा पेश भएन। बिगतको पेश्की बाकी को बिबरण तयार गरी कर्मचारीको नाममा पेश्की भए आर्थिक कार्यबिधि नियमावली २०६४को नियम ७९र ८१ बमोजिम ब्याज समेत असुल फछ्यौट गर्नुपर्ने तथा कर्मचारीले अटेर गरी असुल हुन नसकेमा सोही नियमावलीको नियम १०३ बमोजिम असुल फछ्यौटका लागी केन्द्रीय तहसील कार्यालयमा लगत कस्नका लागी पठाउनु पर्दछ ।

- **कर दस्तुर एवं आन्तरिक आय**

९४ **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ० | ० | ० |
| घरजग्गा वहाल कर | २००००० | २११०९९ | १०५ |
| व्यवसाय कर | २४५०००० | ० | ० |
| वहाल विरौटी शुल्क | ० | ० | ० |
| | २६५०००० | २११०९९ | ७ |

९४.१ **राजस्वको अभिलेख** ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष राजस्व आम्दानीतर्फ म.ले.प.फा.नं. १०८, १०८क र २३ राखेको देखिएन । ऐनको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ का नयाँ संशोधित फारम राखी राजस्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ ।

९४.२ **रसीद ठेली पेश नभएकोः** लेखापरीक्षण क्रममा आन्तरिक राजश्वको निम्न रसिद प्याड ठेलीहरु पेश नभएकोले कार्यालयले उक्त ठेलीहरु सम्बन्धमा छानविन गरी राजश्व हिनामिना भए नभएको सम्बन्धमा एकिन गरी सम्बन्धित व्यक्तिहरुलाई जिम्मेवार बनाई के कति राजश्व संकलन भएको हो नियमानुसार लाग्ने जरिवाना सहित असुलउपरगरी राजश्व दाखिलाको प्रमाण पेश गर्नुपर्दछ ।

| रसिद बुझेको नाम र पद | रसिद नं. | ठेलीको प्रकार |
|---|---|---|
| राजकुमार साह | १६०१-१६५० | मालपोत |
| वडा सचिव मोहन प्रसाद यादव | १९०१-१९५० | मालपोत |
| वडाध्यक्ष राम बहादुर साह | १८०१-१८५० | मालपोत |

९४.३ **व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत तथा कर रकम समेत संकलन गरेको पाईएन । नगरपालिकाले यस बर्ष ब्याबसाय कर बापत रु २४५०००० राजस्व उठाउने अनुमान

| | | |
|---|---|---|
| | प्रस्ताव गरेकोमा असुली शुन्य रहेबाट व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गरेको पाईएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ९४.४ | **सवारी करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ९४.५ | **मनोरञ्जन करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले मनोरञ्जन कर बापत रु १००००० राजस्व उठाउने अनुमान प्रस्ताब गरेकोमा असुली शुन्य देखियो । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ । | |
| | **धरौटी तर्फः** | |
| ९५ | धरौटी तर्फ गत वर्षको जिम्मेवारी रु.३१८५७६८ मा यो वर्षको आय रु. ३८३४३९६।- समेत रु.७०२०१६४- मा फिर्ता खर्च रु. २२७४१६२।- भइ रु. ४७४६००२।- श्रेस्ताको मौज्दात बाँकी देखिन्छ ।पालिकाबाट धरौटी बाकिको ब्याक्तिगत बिबरण पेश नभएकोले धरौटीको व्यक्तिगत हिसाव तयार गरी अद्यावधिक गर्नु पर्दछ । | |
| ९५.१ | **सदरस्याहा पर्नुपर्नेः** धरौटीको बैंक स्टेटमेन्ट अनुसार रु ५००५००२ देखिएकोमा स्रस्ता र बैंकको फरक रु २५९००० बिड डकुमेन्ट बापतको रकम धरौटीमा जम्मा भएको देखएकोले उक्त रकम सदरस्याहा गरि राजश्व दाखिला पर्नुपर्ने रु | २५९००० |
| ९६ | **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ११५६०५००० | २५००६१६ | ११३१०४३८४ |

| | | |
|---|---|---|
| ९७ | यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ । | |

| आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|
| | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| २०७५। ७६ | १२८ | संयोजक राजाराम मिश्र पेश्की | ० | | ० | २५००६१६ | २५००६१६ |

| | | |
|---|---|---|
| ९८ | उल्लिखित सम्परीक्षणबाट निम्नानुसार थप वेरुजु कायम भएको छ । | |
| ९८.१ | प्रधानमन्त्री रोजगार कार्यक्रमः पालिकाले भौचर नं. ८।०७६।९।१ गते रोजगार संयोजक राजाराम मिश्रको नाममा रहेको रु.२५००६१६। पेश्की फछ्र्यौट गरी च.नं. ७३८ मिति २०७७।१०।१८ मा सम्परीक्षणको लागि अनुरोध गरेकोमा सम्परीक्षणबाट देखिएका व्यहोरा निम्न छनः | |
| ९८.२ | यस कार्यक्रम अन्तर्गत पालिकाले १० वटै वडाहरुमा सडक तथा बाटो मर्मत सम्भार, नाला मर्मत सम्भार कार्यक्रम संचालन गरी २३८ जनालाई दैनिक रु.५१७। का दरले १५ दिन रोजगारी उपलब्ध गराई ज्याला वापत रु.१८,४५,६९०। र माटो तथा ग्राभेल खरिदमा रु.३४५,७३८। ईन्धन ,बिबिध स्टेशनरी, कोदालो लगायत खरिदमा रु.१७८,०६२। कुल रु.२३,६९,४९२। को बिल भरर्पाइ र रु.१३१,१२४। बैंक | |

| | | |
|---|---|---|
| | दाखिला गरेको छ। | |
| ९८.३ | कार्यक्रम संचालनः कार्यक्रम संचालन निर्देशिका अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत भएका योजनाहरुमा बेरोजगार युवाहरुलाई रोजगारी दिनु पर्नेमा मनत्रालयबाट योजना स्वीकृत नगरी रोजगारी दिने उद्देश्यले पालिकाको वडा कार्यालयको क्षेत्र भित्रका सडक तथा नाला मर्मत संभार गर्न वडा अध्यक्षहरुले नगरपालिका समक्ष योजना माग गरे पश्चात रोजगार संयोजकको नाममा पश्की दिई १० वटै वडाका मर्मत संभार कार्य गरी भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु. | २१९१४२८ |
| ९९ | **संचित कोष तथा बेरुजुको स्थिती**ः पालिकाको संचितकोषको बिबरण, बेरुजु वर्गीकरण(विनियोजन, राज्स्व, धरौटी र अन्यकारोबार) र अधावधिक बेरुजु स्थिति क्रमशः अनुसुचि १, अनुसुचि २ र अनुसुचि ३ मा समाबेश गरिएको छ । | |

स्थानिय संचितकोष विवरण

२०७६/७७

अनुसूचि १

रु हजारमा

| सि.न. | स्थानियतह | जिल्ला | आय | | | | | | | | | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लेखापरीक्षण रकम | बेरुजु रकम | बेरुजु प्रतिशत | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व वाँडफाँड रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | | | | १ | २ | ३ | ४ | ५ | ६(२+३+४+५) | ६ | ७ | ८ | ९(६+७+८) | १०(१+६-९) |
| १ | मनरसिसवा नगरपालिका | महोत्तरी | १२६७५११ | २२२९३० | १७.५९ | १६८१५७ | ३७७४५८ | ६२०८० | ३८२६ | १४८८४० | ५९२२०४ | १४२०३९ | २०९६२५ | ३२३६४३ | ६७५३०७ | ८५०५४ |

बेरुजु वर्गीकरण(विनियोजन, राज्स्व, धरौटी र अन्यकारोबार)

२०७६/७७

अनुसूची-२

(रु हजारमा)

| सि.न. | स्थानियतहको नाम | जिल्ला | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजु | | | बाँकी बेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेशकी | | |
| | | | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | मनरसिसवा नगरपालिका | महोत्तरी | ८८ | ६८ | २२२९३० | ० | ० | ० | ८८ | ६८ | २२२९३० | ४६५६६ | ७९३९४ | ६७७०० | ० | ० | १४७०९४ | २८९७० | ३०० | २९२७० |

अधावधिक बेरुजु स्थिति

अनुसूची-३

२०७६/७७

(रु हजारमा)

| क्र.स. | स्थानियतहको नाम | जिल्ला | गत बर्ष सम्मको वाँकी वेरुजु | समायोजन | सं प को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको वाँकी रकम | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु | ५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मनरसिसवा नगरपालिका | महोत्तरी | ११५६०५ | ० | २५०१ | २५०१ | ० | ० | ११३१०४ | २२२९३० | ३३६०३४ | ५७०१५ |